# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ०९ | काठमाडौं | बुधबार, १९ वैशाख २०८१ | Prabhab National Daily | Wednesday, May 01, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


एमालेको पुनरोदय

## अघिल्लो उपनिर्वाचनमा ‘शून्य’, यसपटक ‘क्लिन स्वीप’



हामी अनेकनपटक घेराबन्दीमा पऱ्यौं । पहिचानविरोधीको ट्याग लाग्यो तर यी सबैलाई चिरेर एमालेले जित निकाल्यो । जितले एमाले जनताको पार्टी हो । लोकप्रिय पार्टी हो भन्ने पुष्टि गऱ्यो ।

**पृथ्वी सुब्बा गुरुङ**
उपमहासचिव, नेकपा एमाले

निर्वाचन परिणामले हाम्रा प्रयासहरूमा कैयन् कमिकमजोरी रहेको इंगित गरेको छ । सही समयमा घण्टी नबजाएर बजाइदिनुभएको सांकेतिक घण्टीले हामीलाई सचेत गराएको छ ।

**डा. मुकुल ढकाल**
महामन्त्री, रास्वपा

**जेबी योञ्जन**

**काठमाडौं–** अघिल्लोपटकको उपचुनावमा ‘नील’ (शून्य) भएको नेकपा एमालेले यसपटकको उपचुनाव ‘क्लिन स्वीप’ गरेको छ। पहिचानविरोधी दलको रूपमा चित्रित एमालेले उपचुनाव भएको इलाम प्रतिनिधिसभा क्षेत्र २ र बझाङ प्रदेशसभा-१ मा जित निकाल्यो ।

नेकपा माओवादी केन्द्र र नेकपाको इलाम-२ मा एमाले उम्मेदवार सुहाङ नेम्बाङलाई थियो । यी दुई दलको साथ पाउँदा सुहाङले कांग्रेस उम्मेदवार डम्बर खड्कालाई सहजै पराजित गरे । बझाङ प्रदेशसभा-१ मा कांग्रेसकै अभिषेकबहादुर सिंहलाई एमाले उम्मेदवार दमनबहादुर भण्डारीले हराए । यहाँ भने दलहरू एक्लाएक्लै चुनाव लडेका थिए ।

बलियो संगठन, व्यवस्थित चुनावी अभियान, एकढिक्का बनाएर नेता कार्यकर्ताको परिचालन, जनरुचिका उम्मेदवार र मतदाताको मनोभावना बुझेर त्यहीअनुसारको एजेण्डा अघि सार्दा यसपटकको उपचुनावमा सतप्रतिशत जित सम्भव भएको एमाले नेता पृथ्वी सुब्बा गुरुङ बताउँछन् । उनका अनुसार दुवै स्थानमा भएको जितले एमाले लोकप्रिय पार्टीका रूपमा स्थापित भएको छ। ‘हामी अनेकनपटक घेराबन्दीमा पऱ्यौं ।

(क्रमशः पृष्ठ २ मा)

### एमालेका कलिला सांसद

इलाम-२ मा निर्वाचित सुहाङ नेम्बाङ एमालेका कान्छो सांसद भएका छन् । ३५ वर्षीय सुहाङ संविधानसभा अध्यक्ष स्वर्गीय सुवासचन्द्र नेम्बाङका कान्छो छोरा हुन् । चुनावको बेला उनमाथि वंशवादको आरोप थियो । यसलाई जनमतको आधारमा खारेज गर्दै सुहाङ कलिलै उमेर संसद् (प्रतिनिधिसभा) छिरे ।

उनले मंगलबार आयोजित विजयसभामा २०८४ मा हुने आमनिर्वाचनमा भोट माग्नै नपर्नेगरी काम गर्ने बताएका छन् । ‘म कसैलाई गाली गर्ने छैन । कसैलाई गलत भन्ने छैन । अरूलाई नराम्रो नदेखाई आफूले राम्रो काम गर्ने छु,’ उनले मतदाताहरूसँग भने, ‘२०८४ को चुनावमा भोट माग्नै नपर्नेगरी काम गर्ने छु ।’ उनले आफूले पाएको मत र भरोसाको एकएक हिसाब गर्दै अगाडि बढ्ने बताए । ‘तपाईंहरूलाई कहिल्यै पनि पछुतो हुन दिने छैन । तपाईंहरूको सल्लाह सुझावमै अगाडि बढ्ने छु ।

(क्रमशः पृष्ठ २ मा)

# देशभर आगोको बितण्डा

## महिना दिनमा १४११ आगलागीका घटना, २५ जनाको मृत्यु

- पछिल्लो एक महिनामा आगलागीका घटनामा परी २५ जनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांक
- चैत १८ देखि वैशाख १८ गतेसम्मको अवधिमा आगलागीका घटनामा परी ९० जना घाइते
- यो अवधिमा देशका एक हजार ४११ स्थानमा आगलागीका घटना
- आगलागीबाट ५३ करोड रुपैयाँ बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक रिपोर्ट
- वैशाखमा मात्रै आगलागीका घटनामा परी १४ जनाको मृत्यु, ५६ जना घाइते



**प्रभाव संवाददाता**

**काठमाडौं–** मंगलबार उपत्यकाकै ललितपुर जिल्लाको गोदावरी नगरपालिका-४ बडिखेलस्थित तपेश्वर सामुदायिक वनमा लागेको डढेलो निभाउने क्रममा एक जनाको मृत्यु भयो । आगो निभाउने क्रममा घाइते भएका रमेश पहरीको कीर्तिपुरस्थित बर्न अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी परिसर ललितपुरका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

‘आगो निभाउने क्रममा घाइते भएका शंकर पहरी र रमेश पहरीलाई उपचारका लागि कीर्तिपुरस्थित बर्न अस्पतालमा पठाइएको थियो । घाइतेमध्ये शंकर पहरीको मृत्यु भएको हो,’ सुवेदीले भने । ललितपुरको गोदावरीस्थित लेले जंगलमा चार दिनदेखि लागेको डढेलो आनन्द वनमा पनि फैलिएको छ । आनन्द वनमा डढेलो फैलिएसँगै त्यहाँ सञ्चालित कुष्ठरोग अस्पताल जोखिममा परेको छ । आगो अस्पताल नजिकै पुगेपछि त्यहाँका बिरामीलाई अन्यत्र सारिएको छ । ९३ जना बिरामीलाई सुरक्षित ठाउँमा सारिएको सुवेदीको भनाइ छ ।

मंगलबार नै सप्तरीको महादेवा गाउँपालिकामा भीषण आगलागी भएको छ । आगलागीबाट १०० भन्दा बढी घर जलेर नष्ट भएका छन् । गाउँपालिकाको वडा नम्बर १ चिम्टी टोलमा तीव्र गतिमा हावा चलेको बेला आगलागी हुँदा ठूलो क्षति भएको प्रहरीले जनाएको छ। वडाध्यक्ष जयकिशोर दासका अनुसार स्थानीय शत्रुधन यादवको घरबाट सुरु भएको आगलागीले गाउँ नै जलेको हो ।

यी त भए प्रतिनिधि घटना। केही दिनदेखि यसरी नै देशका विभिन्न स्थानमा आगलागीका घटना बढेका छन् । पछिल्लो एक महिनामा आगलागीका घटनामा परी २५ जनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। चैत १८ देखि वैशाख १८ गतेसम्मको अवधिमा आगलागीका घटनामा परी ९० जना घाइते भएका छन् । ‘आगलागीका घटना देशभर भइरहेका छन् । डढेलो र अन्य आगलागीमा परी २५ जनाले महिना दिनमा ज्यान गुमाएको रेकर्ड आएको छ,’ प्राधिकरणका अध्यक्ष अनिल पोखरेलले प्रभावसँग भने । जसमा वन डढेलोमा परी आठ जनाको र बाँकी १७ जनाको अन्य आगलागीमा परी मृत्यु भएको खुलेको छ।

(क्रमशः पृष्ठ २ मा)

| प्रदेश | मृत्यु | घाइते | क्षति | घटना संख्या |
|---|---|---|---|---|
| कोशी | २ | १८ | १६ करोड | ३२६ |
| मधेस | १ | १६ | ११ करोड | २८१ |
| बागमती | ६ | १४ | ८ करोड | १३८ |
| गण्डकी | २ | ७ | ७८ लाख | ९३ |
| लुम्बिनी | ४ | २६ | ८ करोड | ३९९ |
| कर्णाली | ८ | ३ | ८ करोड | १०४ |
| सुदूरपश्चिम | २ | ६ | ९६ लाख | ७० |
| **जम्मा** | **२५** | **९०** | **५३ करोड** | **१४११** |

*स्रोतः राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण*

**सन्दर्भः वैदेशिक रोजगार**

## हवाई टिकटको अस्वाभाविक मूल्यवृद्धि रोक्न संघको माग

### वैदेशिक रोजगारीमा जाने श्रमिकलाई लुट्न एयरलाइन्स कम्पनीहरूको ‘सिण्डिकेट’ गर्दै टिकट महँगो बनाएको आरोप

**प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले एयरलाइन्स कम्पनीहरूको सिण्डिकेट र महँगो भाडादरको विरोध गरेको छ। पछिल्लो समय यएरलाइन्स कम्पनीहरूले सीमित ट्राभल एजेन्सीहरूसँग मिलेर ‘सिण्डिकेट’ गर्दै विदेश जाने श्रमिकहरूलाई महँगोमा टिकट बेच्ने गरेको भन्दै संघले विरोध जनाएको हो ।

संघले मंगलबार एक विज्ञप्ति जारी गर्दै सिण्डिकेटकै कारण वैदेशिक रोजगारमा जाने श्रमिकहरूले अत्यन्त महँगो दरमा विदेश जाने हवाई टिकट खरिद गर्नुपर्दा उनीहरू मर्कामा परिरहेको जनाएको छ । संघले यसतर्फ सम्बन्धित निकायको ध्यानाकर्षणसमेत गराएको छ । सुलभ मूल्यमा हवाई टिकट उपलब्ध हुने व्यवस्था मिलाउन संघले माग गरेको छ ।




नेपाली श्रमिक लिने रोजगारदाताहरूले महँगीका कारण हवाई टिकट दिन नसक्ने अवस्था आएकाले एकातिर नेपालीले पाउने रोजगारी गुम्ने डर भएको छ भने आफैंले टिकट काटनुपर्दा न्यून आय भएका श्रमिक मर्कामा परेको संघले उल्लेख गरेको छ। यतिमात्र नभई मलेसिया र खाडी मुलुकमा अति न्यून आयस्तर भएका नेपाली श्रमिक वैदेशिक रोजगारीमा जाने भएकाले अधिकांश हवाई कम्पनीहरूले उनीहरूलाई खाना तथा पानीसमेत उपलब्ध नगराएको बताइएको छ। एयरलाइन्सले बिक्री गर्ने खाना पनि अत्यन्त महँगो हुने भएकाले श्रमिकले पानी तथा खाना किनेर खान नसक्ने हुँदा पाँचदेखि आठ घण्टासम्म भोकभोकै यात्रा गर्नुपर्ने बाध्यता रहेको संघले उल्लेख गरेको छ ।

वैदेशिक रोजगारीको यात्राका क्रममा मधुमेह तथा उच्च रक्तचाप भएका श्रमिकलाई कठिन भई स्वास्थ्यमा गम्भीर असर परिरहेको हुँदा उनीहरूलाई खाना तथा पानीको व्यवस्था गर्न पनि संघले आग्रह गरेको छ । नेपालबाट दैनिकरूपमा १५ सय कामदार वैदेशिक रोजगारमा गइरहेका कारण एयरलाइन्सहरूको व्यापार फस्टाएको संघको भनाइछ । ‘यति हुँदाहुँदै केही ट्राभल एजेन्सीको मिलेमतोमा एयरलाइन्सहरूले कृत्रिम अभाव खडा गरी अस्वाभाविकरूपमा टिकटको मूल्यवृद्धि गरेर सिण्डिकेट गर्ने र नियमितरूपमा पाउने टिकटको मूल्य दोब्बर तिरेर श्रमिक विदेश जान बाध्य भएकाले उक्त कालोबजारीलाई रोकेर सस्तो र सुलभ एवं नियमित टिकटको मूल्यमा कामदार जान पाउने व्यवस्था गराउने पहल गर्न अनुरोध गर्दछौं,’ संघले भनेको छ ।

सिण्डिकेटमार्फत अनियन्त्रितरूपमा हवाई भाडा वृद्धि गर्ने कार्य नरोकिए श्रमिकहरू विदेश जान नपाउने हुँदा वैदेशिक रोजगारीको अवसर गुम्ने र यसले विदेशी मुद्राको सञ्चितिमा असर गर्नुका साथै राष्ट्रिय अर्थतन्त्रमासमेत नकारात्मक असर पर्ने संघले बताएको छ । विदेश जाने नेपाली श्रमिकहरूको लागि सुलभ मूल्यमा हवाई टिकट, खाना तथा पानी उपलब्ध गराउने कार्यमा आवश्यक पहल गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालको ध्यानाकर्षणसमेत गराइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

### वैदेशिक रोजगारीबाट फर्किएका युवालाई बन्धक बनाई कुटपिट, दुईजना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीबाट फर्किएका एक युवालाई काठमाडौंमा बन्धक बनाई कुटपिट गरी फिरौती मागिएको घटना सार्वजनिक भएको छ । रोजगारीका क्रममा कतार पुगेका सप्तरीको राजविराज नगरपालिका-१३ का सितेन्द्र यादवलाई स्वदेश फर्किने क्रममा सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै अपहरण गरी बन्धक बनाएर कुटपिट गर्नुका साथै फिरौती मागेको प्रहरीले जनाएको छ ।

सितेन्द्रलाई काठमाडौंको सिनामंगलस्थित एक घरको कोठामा बन्धक बनाएर कुटपिट गरेको अभियोगमा प्रहरीले सर्लाहीको मलंगवा नगरपालिका-३ का २५ वर्षीय अजिम अली र सोही ठाउँका २५ वर्षीय एमडिसनी अलाहीलाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको छ ।

पक्राउ परेकाहरूले कतारबाट स्वदेश फर्किएका यादवलाई एक दिन बन्धक बनाई कुटपिट गर्नुका साथै चार लाख ८० हजार रूपैयाँ माग गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी रवीन्द्र रेग्मीले बताए । अनुसन्धानका क्रममा कतारमै रहेका मनसुर अलि नामका एक व्यक्तिले यादवलाई २५ ग्राम सुन पठाउँदै आफ्नो भतिजो अजिम अलीलाई दिन भन्दै मोबाइल नम्बरसमेत दिएको पाइएको एसपी रेग्मीले बताए ।

‘यादवले ल्याएको सुन लिन अजिमलाई फोन गरे पनि अर्कै मानिसले सुन लगेको भन्ने बुझिएको छ,’ एसपी रेग्मीले भने, ‘सुन अर्कै व्यक्तिलाई दिएको भनेर यादवलाई आफू बस्ने कोठामा लगेर उनीहरूले बन्धक बनाई कुटपिट गरेको पाइयो ।’ यादवको श्रीमतीलाई फोन गरेर उनीहरूले रकम दिएमात्रै छाडिदिने धम्की दिएपछि घटना प्रहरीसम्म पुगेको बताइएको छ ।



पृष्ठ १ बाट क्रमशः

### देशभर आगोको ...

यो अवधिमा डढेलोका घटना ४९० र आगलागीका घटना ९२१ रेकर्ड गरिएको छ। जसकारण मानवीय क्षतिका साथै करोडौं सम्पत्तिमा नोक्सानी पुगेको छ। यो अवधिमा देशका एक हजार ४११ स्थानमा आगलागीका घटना भएका छन् । उक्त आगलागीबाट ५३ करोड रूपैयाँ बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक रिपोर्टमा उल्लेख छ। यी घटनामा ९६४ पशु चौपाया जलेका छन्। वैशाखमामात्रै आगलागीका घटनामा परी १४ जनाको मृत्यु भइसकेको प्राधिकरणले जनाएको छ। यो अवधिमा ५६ जना घाइते भएका छन्।

#### सबैभन्दा बढी घटना लुम्बिनीमा, मृत्यु कर्णालीमा

महिना दिनको अवधिमा आगलागीका घटना सबैभन्दा धेरै लुम्बिनीमा भएको देखिन्छ। यहाँ ३९९ घटना भएका छन् । लुम्बिनीमा आगलागीमा परी यो अवधिमा चार जनाको मृत्यु भएको छ । यो अवधिमा कर्णालीमा १०४ आगलागीका घटना हुँदा आठ जनाको मृत्यु भएको प्राधिकरणले जनायो ।

कतिपय स्थानमा डढेलो अझै नियन्त्रणमा आएका छैनन् । उदयपुरको मध्यउत्तरी पहाडी क्षेत्रको लिम्चुङबुङ गाउँपालिका-५ क्षेत्रका जंगलमा पनि डढेलो लाग्दा वनमा क्षति भएको छ । डढेलो नियन्त्रणको प्रयास भए पनि हुरीबतासका कारण त्यो पूर्ण रूपमा सफल नभएको डिभिजन वन कार्यालय गाईघाटका सूचना अधिकारी तथा सहायक वन अधिकृत जागेश्वर साहले बताए। यता कैलाली चुरे पहाडमा पर्ने मोहन्याल र चुरे गाउँपालिकाअन्तर्गतका अधिकांश वनमा डढेलो फैलिँदै गएको छ।

सामुदायिक वनका उपभोक्ताले अग्निरेखा बनाएर आगो नियन्त्रणको प्रयास गरे पनि चुरेको सुक्खा तथा भिरालो भू-बनोट तथा तीव्र गतिमामा चल्ने हावाका कारण डढेलो नियन्त्रणमा लिन मुस्किल भएको स्थानीयको भनाइ छ । चुरे गाउँपालिका-३ का डबलबहादुर शाहले डढेलोका कारण बहुमूल्य सालका बिरुवालगायत वन पैदावर नष्ट हुनुका साथै वन्यजन्तुको बासस्थानमा समेत गम्भीर असर परेको बताए। वन कर्मचारीलाई डढेलोबारे जानकारी दिँदासमेत आगो निभाउन कुनै पहल नभएका कारण डढेलो थप फैलिँदै गएको उनको गुनासो छ।

डिभिजन वन कार्यालय धनगढीका डिभिजन वन अधिकृत रामचन्द्र कँडेलले भने चुरेको भू-वनोटले गर्दा स्थानीय साधनस्रोत र पुरानै प्रविधिले डढेलो नियन्त्रण गर्न नसकिएको बताए। गर्मीयाममा जताततै डढेलो फैलिएको र साधनस्रोतको अभावका बीच मानवीय जनशक्तिको प्रयोग गरी आगो नियन्त्रण गराउँदा बढी जोखिम हुनेहुँदा उक्त क्षेत्रमा जान समस्या भएको उनको भनाइ छ।

#### प्रहरीको १२ बुँदे अनुरोध

सुक्खा समयमा आगलागी भई जनधनको ठूलो क्षति हुने गरेको स्मरण गराउँदै काठमाडौं उपत्यका प्रहरी कार्यालयले सर्वसाधारणमा १२ बुँदे अनुरोध सार्वजनिक गरेको छ। चैत, वैशाख र जेठ महिनामा सुक्खा मौसम हुने, हावाहुरी चल्ने, घर, पसल, कार्यालय र वनलगायत विगतका वर्षमा धेरै जनधनको क्षति भएकाले त्यसतर्फ नागरिकलाई सावधानी अपनाउनका लागि सार्वजनिक अपिल गरिएको काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले बताए । उपत्यका प्रहरीले आगो उत्पन्न हुने सलाइ, लाइटर, ग्यास सिलिन्डर र चुल्हो बालबालिकाबाट टाढै राख्न, होसियारीपूर्वक प्रयोग गर्न तथा काम सकिएपछि सुरक्षितस्थानमा राख्न पनि अनुरोध गरेको छ।

प्रहरीले विद्युत्जन्य सामग्री (हिटर, गिजर, पंखा, आइरन, एसी आदि) लाई काम सकिएपछि बन्द गर्न, एउटा पावर सकेटबाट धेरै पावर चाहिने उपकरण प्रयोग नगर्न, घरमा आगो निभाउने उपकरण राखी परिवारका सदस्यहरूलाई प्रयोग गर्ने तरिका सिकाउन, पूजा कोठामा सिन्के र बाटेको धूप, भान्सामा कोइला, लामखुट्टे भगाउन क्वाइल बालेर छाड्नेजस्ता कार्य नगर्न अनुरोध गरेको छ।

यस्तै, आगालागी वा धुवाँ भएको स्थानबाट बाहिर निस्कनुपर्दा घोप्टो परेर निस्कन, ग्यास सिलिण्डरमा आगो लागेमा जुटको बोरा वा ब्ल्यांकेटले सिलिण्डरलाई घ्वाप्प छोप्न र ग्यास चुल्हो बाल्नु अगाडि भान्साको झ्याल, ढोका खोली ग्यास लिक भए, नभएको यकीन गरेर मात्र प्रयोग गर्न पनि प्रहरीले आग्रह गरेको छ। गाईवस्तु चरणका निम्ति राम्रो हुन्छ भनी वनमा डढेलो लगाउने कार्य नगर्न, वनमा पिकनिक गर्दा बालेको आगो र गाईबाख्रा चराउन जाँदा चुरोटका ठुटा पूर्णरूपमा निभाउन पनि प्रहरीले सचेत गराएको छ । प्रहरीले आगालागी भएको जानकारी हुनासाथ प्रहरी कन्ट्रोल १०० र दमकल सेवा १०१ मा जानकारी गराउन अनुरोध गर्दै आगालागी भएमा आफूलाई बचाएर अरूलाई जोगाउन भनेको छ । त्यस्ता विपद्जन्य घटना हुन नदिन र भई हालेमा पनि कमभन्दा कम क्षतिमा नियन्त्रणका लागि नेपाल प्रहरी प्रयासरत रहेको जानकारी गराउँदै एआइजी थापाले उक्त कार्यमा जनस्तरबाटै उच्चस्तरको सहयोगको अपेक्षा पनि राखेको बताए ।

■■■

### अघिल्लो उपनिर्वाचनमा ...

पहिचानविरोधीको टचाग लाग्यो तर यी सबैलाई चिरेर एमालेले जित निकाल्यो,' उनले प्रभावसँग भने, 'जितले एमाले जनताको पार्टी हो । लोकप्रिय पार्टी हो भन्ने पुष्टि गऱ्यो ।' एमाले अहिले सत्तामा छ । सत्तामा रहेरै चुनाव लड्दा पनि एमालेले इलाम-२ मा जितलाई निरन्तरता दिन सक्यो । प्रदेशतर्फ त बझाङमा भएको जितले कांग्रेसको सिट गुम्यो भने एमालेको थपियो । सत्तामै रहेको रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने इलाम-२ मा भएको चुनावी हारको एउटा कारण सत्तामा रहनुलाई पनि औंल्याएको छ । जनताले चर्को कुरा मन नपराउने भए पनि सरकारमा रहेर त्यसरी बोल्न नमिलेको सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले बताए । अर्को कारणचाहिँ सहकारी काण्डसमेत रहेको उनको विश्लेषण छ । सहकारीकाण्डमा उनी स्वयंसहित सभापतिसमेत रहेका गृहमन्त्री रवि र उपसभाति तथा श्रममन्त्री डोलेन्द्रप्रसाद अर्याल पनि जोडिएका छन् ।

पार्टी महामन्त्री डा. मुकुल ढकालले पार्टीको पराजयमा कैयन् कमजोरीहरू भएको बताएका छन् । यसबारे समीक्षा गर्ने उनको भनाइ छ । 'पार्टीको केन्द्रीय समितिको आगामी बैठकमा यस निर्वाचनका सम्बन्धमा गहन समीक्षा गर्नेछौं,' उनले विज्ञप्तिमार्फत भने, 'निर्वाचन परिणामले हाम्रा प्रयासहरूमा कैयन् कमिकमजोरी रहेको इंगित गरेको छ । सही समयमा घण्टी नबजाएर बजाइदिनुभएको सांकेतिक घण्टीले हामीलाई सचेत गराएको छ ।'

आक्रामक प्रचारशैलीका कारण कतिपयले रास्वपाले देशको पूर्वी क्षेत्रको पहाडी जिल्ला इलाम-२ मा पनि जित निकाल्ने अनुमान गरेका थिए । किनभने अघिल्लोपटक १० वैशाख २०७९ मा बारा-२, चितवन-२ र तनहुँमा भएको उपनिर्वाचनमा दुई ठाउँमा रास्वपाले जितेको थियो । सभापतिसमेत रहेका रविले चितवन-२ र उपसभापति डा. स्वर्णिम वाग्लेले तनहुँबाट चुनाव जितेका थिए । बारा-२ मा भने जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले चुनाव जिते । यसरी त्यसबेला चुनावमा कांग्रेस र एमालेलाई रास्वपाले शून्यमा सीमित पारिदिएको थियो । यसकै आधारमा कतै इलाम-२ मा पनि रास्वपाको पक्षमा चुनावी परिणाम जाने कतिपयको अड्कल थियो । तर, रास्वपा उम्मेदवार मिलनकुमार योङहाङ लिम्बूको जमानत नै जफत भयो । यससँगै एमाले यसपटकको उपचुनाव क्लिन स्वीप गर्न सफल भयो ।

दुवै चुनावी क्षेत्रमा कांग्रेस निकटतम प्रतिस्पर्धीमा सीमित भयो । बझाङ-१ मा यसअघि कांग्रेसकै पृथ्वीबहादुर सिंहले जितेका थिए । इलाम-२ मा ११४ मतको झिनो अन्तरले कांग्रेसका डम्बर खड्का पराजित भएका थिए । यसपटक खड्का साढे पाँच हजार बढी मतान्तरले पराजित हुँदा बझाङमा २६७ मतान्तरले कांग्रेसले सिट गुमायो । कांग्रेस सहमहामहान्त्री भीष्मराज आङ्देम्बे टिकट वितरणमा ढिलाइ हुनु, पार्टीका नेता कार्यकर्ताहरू एकढिक्का भएर चुनावमा नखटिनु, गठबन्धन नहुनु र उम्मेदवारको व्यक्तित्वसमेत पराजयको जिम्मेवार रहेको बताउँछन्। यसबारे आगामी पार्टी बैठकमा छलफल गरिने बताए। 'इलाममा जित्न सकेनौं । जित्छौं भन्ने थियो । तर, भएन । बझाङ त कांग्रेसले नै पहिले जितेको थियो। यसपटक पनि जित्नेमा कन्फिडेन्ट थियौं तर हाऱ्यौं । यसबारे पार्टीमा छलफल हुन्छ,' उनले भने।

यसपटकको उपचुनावमा एमालेको दबदबा कायम रहँदाको बाबजुद पहिचान पक्षधरहरूले पनि शक्तिशाली धक्का दिए। पहिचान आन्दोलनलाई कुनै न कुनै ढंगले सम्बोधन गर्न दलहरूलाई झुकाउने जनमत ब्यालेट बक्समा खस्यो । पहिचान पक्षधरहरूको साझा उम्मेदवार डकेन्द्रसिंह थेगिमले ११ हजार ४५७ मत पाए । मुढा चुनाव चिह्न लिएर जनतामाझ गएको १५ दिनमै यति धेरै मतदाताले मत दिनु असामान्य परिघटना भएको थेगिमले बताए। उनले उपचुनावमार्फत पहिचान आन्दोलनको अनुमोदन भएको पनि दाबी गरे।

'कोशी नाम खारेजीका लागि हामी महिनौंदेखि आन्दोलित छौं । हामी पहिचानयुक्त प्रदेश नामको पक्षमा छौं तर दलहरू टसमस थिएनन्,' उनले भने, 'अब भने दलहरूलाई सच्चिन जनताले ब्यालेट बक्समार्फत विद्रोह गरे । जसको सुनुवाइ हुनुपर्छ ।'

पहिचान पक्षधरहरू १७ फागुन २०७९ देखि प्रदेशको नाम कोशी खारेजीको आन्दोलतमा छन् । यसबीचमा उनीहरूले लाजेहाङ लिम्बूलाई गुमाएका छन् । तर, प्रदेशको नाम कोशी न खारेज भएको छ न खारेजीको सम्भावना नै छ ।

यद्यपि, इलाम-२ मा भएको उपचुनावले भने पहिचान आन्दोलनलाई अनुमोदन गरेको थेगिमले बताएका हुन् । कांग्रेस र एमालेको बढी मत मुढाले पाएको विश्लेषण भइरहेको छ। रास्वपाले भने यी दुई दलबाट निकै कम मत पाएको देखिएको छ। किनभने ४ मंसिर २०७९ मा भएको चुनावमा इलाम-२ मा रास्वपाले समानुपातिकतर्फ चार हजारभन्दा बढी मत पाएको थियो । यसपटक रास्वपा उम्मेदवार लिम्बूले पाँच हजार ५० मत प्राप्त गरे । यसले गर्दा पहिचान पक्षधर थेगिमको चुनाव चिह्न मुढामा कांग्रेस र एमालेको मत गएको विश्लेषण भइरहेको छ । चुनावमा एकीकृत समाजवादी, राप्रपा, राप्रपा नेपाललगायत राजावादी दलहरू पनि सहभागी थिए। यी दलहरूको मत लज्जाजनक देखिएको छ।

■■■

### एमालेका कलिला ...

काम गरेर देखाउने छु ।' नेम्बाङले समाजलाई इन्द्रेणीको उदाहरण दिएर चर्चासमेत गरे । उनले भने, 'सात रंग मिलेर इन्द्रेणी बनेजस्तै हामी सबै मिलेर यो समाज बनेको छ । सबै समुदाय र जातको पहिचानको हक, अधिकार सुनिश्चित हुने संविधान बनेको छ । त्यसैले कसैलाई भ्रममा नपर्न म आग्रह गर्छु।' सुहाङ निर्वाचित भएपछि आयोजित विजयसभामा पार्टी अध्यक्ष केपी शर्मा ओलीसमेत इलाम पुगेका थिए ।

■■■

### हवाई टिकटको ...

खाडी मुलुक जाने श्रमिकले सामान्यतया २५ हजारदेखि ३५ हजार रूपैयाँसम्ममा हवाई टिकट पाउनुपर्ने वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ। साउदी अरब, कतार, ओमानलगायत मुलुकबाट फर्किंदा उल्लिखित दरमा नै श्रमिकले हवाई टिकट पाउँदै आएको उनीहरू बताउँछन् । तर, अहिले नेपालबाट रोजगारीका लागि मलेसिया तथा खाडी मुलुक जाने श्रमिकसँग यएरलाइन्स कम्पनीहरूले ट्राभल एजेन्सीसँगको मिलेमतोमा सिण्डिकेट गरी प्रतिटिकट ७० हजार रूपैयाँभन्दा बढी शुल्क लिन थालेको व्यवसायीहरूको दाबी छ।

विशेषगरी मलेसिया र गल्फ मुलुकमा जाने श्रमिकको हकमा टिकट काट्दा अचाक्ली शुल्क लिने गरेको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'के अधारमा टिकटमा शुल्क बढाइएको हो वा महँगो भएको त्यसको कुनै जानकारी दिइएको छैन,' उनले भने, 'अहिले नियमित रूपमा टिकट काट्न खोजे कसैले पाउने अवस्था छैन, तर महँगो शुल्क तिर्न तयार भए जति पनि पाइन्छ ।' कृत्रिम अभाव सिर्जना गर्ने र सिण्डिकेट लागू गरी कालोबजारी गर्नेविरुद्ध सम्बन्धित निकायको पनि ध्यानाकर्षण गराइएको उनले बताए ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESALA CARE CO. W.L.L

पुर्व स्वीकृति मिति २०८१/०१/१८ LT. No. :303908 चलानी नं.६०२१८८१८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Nurse | 0 | 8 | 4200 | १५५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २६ गते (8th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Centre Overseas Pvt. Ltd.
THE CENTER OVERSEAS CONCERN PVT.LTD

श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806


## कम्पनीको नाम परिवर्तन गारिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०१/१९

यस कम्पनीको मिति २०७९/०२/२० मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **अंकुर इनकर्पोरेट प्रा.लि. (प्रा.लि. नं. १९४९६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/२७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गारी **ओलम्पिया स्कुल काठमाण्डौं प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गाराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गारिएको सूचना

यस कार्यालयमा मिति २०७४/०४/२२ मा दर्ता भएको **प्रा.लि. नं. १७२५१८** को **रम्भादेवी टुर्स एण्ड ट्राभल्स प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०१/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गारिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गारिएको छ ।

## हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/१२ मा दर्ता भएको प्रा.लि.नं.२९५५३८/०७९/०८० को **ब्राईट सुपेरियर ट्रेनिङ् एण्ड एजुकेशनल कन्सल्टेन्सी** को मिति २०८१/०१/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः मान बहादुर लामीछाने, इजाजत पत्र नं. ००१,**
**ठेगानाः अनामनगर, काठमाडौं, फोन नं. ९८४१०७४५७७**

## खारेज गर्ने सम्बन्धमा लिक्विडेटरको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं १८१७३१ होटल सनराइज प्रा.लि. को मिति २०८१/०१/१७ गतेको विशेष साधारण सभाको बैठकले प्रस्ताव पारित गरि कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले कम्पनी ऐन अन्तर्गत कम्पनीको खारेजी (लिक्विडेशन) प्रक्रिया शुरू गरिएको छ । कोही कसैको यस कम्पनीमा पाउनु पर्ने बाँकी बक्यौता भएमा सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखित लिक्विडेटरको कार्यालयमा प्रमाण सहित दावी गर्नुहोला । कम्पनी ऐन, २०६३ बमोजिम दायित्व र भुक्तान गर्न बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरूलाई बाँडिने हुँदा तोकिएको म्याद भित्र दावी गर्न नआए पछि कुनै किसिमको उजुर द्वावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचना मार्फत सुचित गरिन्छ ।

**लिक्विडेटरको कार्यालय**
**नाम, ईश्वरी प्रसाद पौडेल**
**इजाजतपत्र नं ४११**
**ठेगानाः का.म.न.पा वडा नं. १०, बुद्धनगर, काठमाडौं, मो नं. ९८५१०००५२०**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/२० गते)

सबल सींह बिष्टको नाति, भैरव बहादुर बिष्टको छोरा, रला कुमारी बिष्टको पति काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं. ०३, बालुवा (साबिक बालुवा गा.पा. वडा नं. ०७, काठमाडौं) बस्ने बिजय कुमार बिष्टको मिति २०८०/०६/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको नारायणटार शाखामा रहेको बचत खाता नं. २४६०२८१५३०१००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी श्रीमती रला कुमारी बिष्टले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय नारायणटार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नारायणटार, काठमाडौं फोन नं. ०१-४९११२८०/४९११२८१

## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


वैशाख १९ गते २०८१, बुधबार

| | |
|---|---|
| मेष | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| वृष | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| मिथुन | व्यवसायिक काममा फाइदा हुनेछ । |
| कर्कट | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| सिंह | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |
| कन्या | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |
| तुला | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| वृश्चिक | रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । |
| धनु | दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । |
| मकर | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| कुम्भ | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| मीन | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख १९ गते, २०८१, ०१ मे, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# दुई भाषामा कामकाजी भाषा कार्यान्वयनमा ल्याउँदै बागमती सरकार

- तामाङ र नेपाल भाषा सरकारी कामकाजी भाषाको रूपमा प्रयोगमा आउने
- वैशाख २४ मा प्रधानमन्त्रीले औपचारिक घोषणा गर्ने

■ प्रभाव संवाददाता




**काठमाडौं–** बागमती प्रदेशमा दुईवटा भाषा सरकारी कामकाजी भाषाको रूपमा कार्यान्वयनमा आउने भएको छ। प्रदेश सरकारले यही वैशाख २४ गतेबाट तामाङ र नेपाल भाषालाई औपचारिक रूपमा सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयनमा ल्याउन लागेको हो । उक्त दिन बिहान ९ बजे काठमाडौंको वसन्तपुरमा विशेष समारोहबीच प्रधानमन्त्री पुष्पकमल दाहालले कामकाजी भाषा कार्यान्वयनको घोषणा गर्ने जानकारी दिइएको छ।

बागमती प्रदेश सरकार यतिबेला घोषणा समारोहको तयारीमा जुटेको छ । यसका लागि सोमबार ३०३ सदस्यीय मूल समारोह गठन गरिएको बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यले बताए। मन्त्री बज्राचार्यको संयोजकत्वमा गठित मूल समारोह समितिमा नेपाल तामाङ घेदुङ, नेवाः देय दबुलगायत विभिन्न संघसंस्थाका प्रतिनिधि तथा भाषिक अभियन्ताहरू सदस्य रहेका छन्।

यही वैशाख १२ गते बसेको बागमती प्रदेश सरकार मन्त्रिपरिषद बैठकले बागमती प्रदेश सरकारी कामकाजी भाषा ऐन, २०८० शुभारम्भ घोषणा गर्ने निर्णय गरेको थियो। प्रदेश सरकारले वैशाख २४ गते प्रदेशभर सार्वजनिक विदा दिने निर्णयसमेत गरेको छ। सोही दिन प्रदेश सरकारका सबै मन्त्रालयको बोर्ड नेपाली भाषा (देवानगरी), तामाङ भाषा (तामयिक) र नेपाल भाषा (रञ्जना) मा लेखिएका राखिने मन्त्री बज्राचार्यले बताए।

नेपाल तामाङ घेदुङका सहअध्यक्ष कुमारसिं घिसिङले बागमती सरकारले सरकारी कामकाजी भाषाको रूपमा तामाङ र नेपाल भाषालाई कार्यान्वयनमा ल्याउन लागेकोमा खुसी व्यक्त गरे । वैशाख २४ को घोषणा समारोह तथा कामकाजी भाषा कार्यान्वयन सफल बनाउन आफ्नो समुदायको तर्फबाट पूर्ण सहयोग रहने उनले बताए । घोषणा समारोहअघि काठमाडौंका विभिन्न स्थानबाट झाँकीसहितको ऱ्याली निकालिनेसमेत उनले जानकारी दिए।

संविधानले दिएको अधिकार कार्यान्वयनका लागि बागमती प्रदेश सरकारले ऐन बनाएर कार्यान्वयन गर्न लागेकोमा धन्यवाद दिँदै सहअध्यक्ष घिसिङले सबै जातजाति तथा भाषाभाषी समुदायलाई कार्यक्रममा सहभागी हुन अनुरोध गरेका छन्। बागमती प्रदेश सरकारले गत वर्ष कात्तिक २३ गते 'बागमती प्रदेश सरकारी कामकाजी भाषा ऐन, २०८०' राजपत्रमा प्रकाशित गरेको थियो।


# तातो हावाको लहर अझै बढ्ने

**काठमाडौं (प्रस)–** विगत केही दिनदेखि देशका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिकरूपमा वृद्धि भइरहेकाले तातो हावाको लहर अझै बढ्ने भएको छ।

लुम्बिनी प्रदेशका तराई भू-भागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। यो क्रम वैशाख २० गतेसम्म जारी रहने मौसमविद्ले बताएका छन्।

आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार तराईका भू-भागमा अत्यधिक गर्मीको सम्भावना रहेको विभागले बुलेटिनमार्फत चेतावनीसहितको सूचना जारी गरेको छ। 'तातो बढ्ने भएकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउनहुन अनुरोध छ,' विभागले भनेको छ । महाशाखाका मौसमविद् रोजन लामिछानेले तातो बढेसँगै आगलागी, हावाहुरीलगायतका समस्या झन बढ्न सक्ने भएकाले सावधानी अपनाउनुपर्ने बताए। उनका अनुसार यस वर्ष सबैभन्दा बढी ४३.६ डिग्री तापक्रम मापन भएको छ। भैरहवामा वैशाख ८ गते उक्त तापक्रम रेकर्ड भएको थियो।

सूचनामा भनिएको छ, 'तराईका ती भू-भागमा आजदेखि यही वैशाख २० गतेसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेको हुनाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ। साथै, पहाडी भू-भागका उपत्यका तथा



खोचमासमेत तापक्रम क्रमिकरूपमा बढ्न सक्ने सम्भावना रहेकाले यस महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अध्यावधिक रहनु हुन अनुरोध छ।'

## सम्भावित असर तथा सुझाव

तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर जस्तै : थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने छ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक-पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउन स्वास्थ्यकर्मीले अनुरोध गरेका छन्।

यस्तै स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनसमेत भनिएको छ । महाशाखाले दैनिक जारी हुने मौसम पूर्वानुमान बुलेटिनमासमेत सोहीअनुसार नियमितरूपमा अद्यावधिक गरिने भएकाले अद्यावधिक मौसमी सूचनाको जानकारी लिन पनि अनुरोध गरेको छ।

# पत्रकार रिजालमाथि आक्रमण प्रयास

**काठमाडौं (प्रस)–** आर्थिक दैनिक प्रालिका अध्यक्ष एवं संस्थापक सम्पादक प्रल्हाद रिजालमाथि आक्रमण प्रयास भएको छ। मंगलबार बिहान सवा नौ बजेतिर स्थानीय विजय मालीले पत्रकार रिजाललाई बाटो छेकेर धम्क्याएका हुन्।

क्षत्रपाटी चोकबाट ढल्कोतिर जाँदै गरेका मालीले विपरीत दिसातर्फ गइरहेको आफूलाई बाटो छेकेर धम्क्याएको पत्रकार रिजालले बताए। 'म माथि सांघातिक आक्रमणको असफल प्रयास भएको छ,' उनले प्रभावसँग भने, 'ओइ, तँलाई मैले कस्तो अवस्थामा भेटेको याद छ नि, ...तँलाई के गर्नुपर्छ भन्ने मलाई थाहा छ। राम्रोसँग चिन म को हुँ भनेर भन्दै टोले गुण्डा विजय मालीले बाटो छेकेर मलाई धम्क्याए।'

उक्त घटनाको तत्कालै नेपाल प्रहरी र वडा कार्यालयलाई जानकारी गराएको उनले बताए। 'पर्दा पछाडिबाट टोले गुण्डा मालीलाई उक्साउने केही व्यक्तिसँग उनको सोमबार मध्याह्नपछि लामो मिटिङ भएको थाहा भएको छ,' पत्रकार रिजालले भने।

# मास्क लगाएर हिंड्न आग्रह

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काठमाडौंमा वायु प्रदूषण बढेकाले मास्क लगाउन आग्रह गरेको छ । मन्त्रालयले काठमाडौंको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा रहेको उल्लेख गर्दै वायु प्रदूषणबाट जोगिन अनिवार्य मास्क लगाउन आग्रह गरेको हो।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले काठमाडौंमा वायु प्रदूषण अत्यधिक रहेकाले सकेसम्म घर बाहिर अनावश्यक ननिस्कन, यात्रा नगर्न र अत्यधिक प्रदूषित क्षेत्रबाट टाढा रहन अनुरोध गरे । विश्वभरिको वायुप्रदूषणको अवस्था मापन गर्ने 'वर्ल्ड एयर क्वालिटी इन्डेक्स-ऱ्याकिङ' अनुसार काठमाडौंको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा छ। 'वायु प्रदूषणले मुटु तथा रक्तनली, फोक्सो, मस्तिष्क, आँखा, नाक, कान, घाँटी आदिमा असर पुऱ्याउनुका साथै दम, क्यान्सर आदिको जोखिम पनि बढाउँछ । वायु प्रदूषणले गर्दा कम तौल भएको बच्चा जन्मने र अवधि नपुग्दै बच्चा जन्मने जोखिमसमेत हुन्छ,' प्रवक्ता बुढाथोकीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

नेपालमा वायु प्रदूषणबाट बर्सेनि हुने मृत्युमा बढीजसो पाँचवर्ष मुनिका बालबालिका, गर्भवती, दीर्घ रोगी र वृद्धवृद्धा बढी छन्। यसले नेपालीको औसत आयु ४.१ प्रतिशतले घटाएको तथ्यांक छ।

# प्रविधिमैत्री बन्दै कामपाका सामुदायिक विद्यालय




**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आफ्ना मातहतका सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउन 'स्मार्ट बोर्ड' वितरण गर्ने तयारी गरेको छ। सामुदायिक विद्यालय र शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाउनका लागि कामपाले सामुदायिक विद्यालयलाई स्मार्ट बोर्ड वितरण गर्ने तयारी गरेको महानगरको शिक्षा विभागकी निमित्त प्रमुख सरस्वती पोखरेलले जानकारी दिइन्।

प्रमुख पोखरेलका अनुसार उक्त बोर्ड अहिले खरिद प्रक्रियामा छ। केही दिनभित्रमा नै विद्यालयलाई वितरण गर्ने तयारी रहेको उनले बताइन् । 'अहिले कुन-कुन विद्यालयलाई वितरण गर्ने यकीन भने भएको छैन,' उनले भनिन्। हाल महानगरमा ८९ सामुदायिक विद्यालय छन् । सकेसम्म धेरै विद्यालयलाई वितरण गर्ने चाहना महानगरको छ । स्मार्ट बोर्ड, प्रविधिको प्रयोग गरेर विद्यार्थीलाई अध्ययन गराउने एउटा माध्यम हो। 'आवश्यकताअनुसार भिडियो देखाउन मिल्ने छ, गुगल सर्च गरी पठनपाठन गर्न मिल्छ, आवश्यकता परे पावर पोइन्टको प्रयोग गरेर अध्ययन गर्न मिल्ने प्रविधि हो,' उनले भनिन्।

बोर्डसँगैले शिक्षकलाई अध्यापन गराउन सहजताका लागि ल्यापटपसमेत वितरण गर्ने तयारी रहेको जनाइएको छ। ल्यापटप पनि खरिद प्रक्रियामा रहेको पोखरेलले जानकारी दिइन्। त्यसैगरी कामपाले नेपाल सरकाको मापदण्डअनुसार विद्यार्थीलाई अध्ययन गर्न सहज होस् भन्ने हिसाबले फर्निचरका सामग्री पनि खरिद गर्ने तयारी गरेको महानगरले जानकारी दिएको छ।

कामपाले सामुदायिक विद्यालयलाई सुधारेकै कारण चालु शैक्षिकसत्रमा महानगरका सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढेको छ। न्यून शुल्कमा विषयगत शिक्षकमार्फत अध्ययन गर्न पाउने भएपछि महानगरका सामुदायिक विद्यालयमा पछिल्लो समय विद्यार्थी बढेका हुन्।

शिक्षा विभागका अनुसार अहिले सामुदायिक विद्यालयमा अध्ययन अध्यापन गर्नका लागि सबै स्रोतसाधनले सम्पन्न प्रविधिमैत्री बनाउने प्रयासमा कामपा रहेको छ । विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि उपयुक्त वातावरण तयार गर्ने काममा नै कामपाको ध्यान केन्द्रित भएको प्रमुख पोखरेलले बताइन्। शिक्षा क्षेत्रको सुधारकै लागि कामपाले चालु आर्थिक वर्षका लागि शिक्षामा एक अर्ब ३२ करोड नौ लाख ३३ हजार रूपैयाँ रकम विनियोजन गरेको छ। *रासस*

# हिमाली बौद्ध परम्परासम्बन्धी पाँचदिने प्रशिक्षण हुने

**काठमाडौं (प्रस)–** हिमाली बौद्ध परम्परा तथा बौद्ध दर्शनसम्बन्धी पाँचदिने प्रशिक्षण कार्यक्रम हुने भएको छ । बौद्धनाथ क्षेत्र विकास समितिको आयोजनामा आगामी जेठ १ देखि ५ गतेसम्म बौद्धमा प्रशिक्षण कार्यक्रम तय भएको हो । कार्यक्रमको संयोजन बौद्ध जागरण केन्द्रले गर्ने भएको छ।

कार्यक्रममा एक दर्जन कार्यपत्र प्रस्तुत हुने समितिका अध्यक्ष राजकुमार लामाले जानकारी दिए । उनका अनुसार खेन्पो त्रिमा दोन्डुबबाट झचाङतेर त्रिङमाको उत्पत्ति, विशेषता र महत्त्व, खेन्पो शिर लामा गुरुङबाट भार्दो थोडोलको प्रकार र महत्त्व, खेन रिन्पोछे ग्युर्मे छुल्ठिमबाट रिग्जिन ज्याछोन त्रिङपो उत्पत्ति, विशेषता र महत्त्व, छ्योजे लामा फुन्छोक रिन्पोछेबाट फोवाको अर्थ र यसको आवश्यकता, लोसाङ नाम्ग्याल रिन्पोछेबाट बौद्ध धर्ममा अभिषेक, आगम र व्याख्या, खेन्पो सर्वजित गोङबा तामाङबाट नेलुङ, घेवा, सिठो, छाछाको अर्थ तथा महत्त्वबारे कार्यपत्र प्रस्तुत हुने छन्। यसैगरी खेन्पो कर्म गेन्दुनबाट मृत्यु संस्कारमा च्योइ साधना, गेसे लोब्साङ धावाबाट चार आर्य सत्य प्रतीत्यसमुत्पाद, गेसे थुप्तेन जिगडोलबाट चार परम्परा एवं गुम्बा व्यवस्थापनको अवस्था र महत्त्व, आचार्य नोर्बु शेर्पाबाट नेपालमा बौद्ध धर्म : विगत, वर्तमान र भविष्य शीर्षकमा कार्यपत्र प्रस्तुत हुने उनले बताए।

कार्यक्रममा बौद्ध बाहुल्य जिल्लाका ५०० भन्दा बढी लामा गुरु तथा धर्मावलम्बीहरूको सहभागिता रहने अध्यक्ष लामाको भनाइ छ । 'चारवटै परम्पराका लामा गुरुहरूसँग सरसल्लाह गरेर कार्यक्रमलाई सफल बनाउन लागिपरेका छौं,' उनले भने।

बौद्ध जागरण केन्द्रका महासचिव आले लामाले कार्यक्रममा सहभागी हुन यही वैशाख २० गतेसम्म नाम दर्ता गर्नुपर्ने बताए । केन्द्रका कोषाध्यक्ष रेञ्जेन लामाले बौद्धमा हुने कार्यक्रममा सहभागीहरूलाई पाँच दिनसम्म खाना र बासकोसमेत व्यवस्था गरिने जानकारी दिए।

**चक्रघट्टा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चक्रघट्टा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**गाउँपालिका तथा अन्तर्गतका संस्थाहरुमा फ्रि वाईफाई, सिसि क्यामरा जडान तथा गा.पा.बाट मोनिटरिंग कार्य व्यवस्थापन र गाउंपालिका तथा अन्तर्गतका कार्यालयहरुमा डिजिटल बोर्ड जडान सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

यस चक्रघट्टा गाउँपालिकामा " गाउंपालिका तथा अन्तर्गतका संस्थाहरुमा फ्रि वाईफाई, सिसि क्यामरा जडान तथा गा.पा.बाट मोनिटरिंग कार्य व्यवस्थापन र गाउंपालिका तथा अन्तर्गतका कार्यालयहरुमा डिजिटल बोर्ड जडान " गर्न ईच्छुक इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म दरभाउपत्र फारम यस कार्यालयबाट सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नवीकरण गरेको व्यवसाय/कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र रु. १,०००।- (अक्षरेपी एक हजार मात्र ।) यस कार्यालयको एन.आई.सी.एशिया बैंक ली. चक्रघट्टामा रहेको आन्तरिक राजस्व खाता नं. ०४२२०५००२८८१३००२ मा दाखिला गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) सक्कल निबेदन साथ पेश गरेपछि दरभाउपत्र फारम यस कार्यालयबाट खरिद गर्न सकिनेछ।
२. दरभाउपत्र फारम साथ जमानत वापतको रकम यस गाउँपलिकाको नाममा चक्रघट्टामा स्थित एन.आई.सी.एशिया बैंक ली.मा रहेको धरौटी खाता नं. 42CA051693052406 मा दाखिला गरी सक्कलै भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंक बाट जारी भएको विडवण्ड संलग्न गर्नुपर्ने छ।
३. खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखी १६ औं दिन (२०८१/०२/०३ गते) १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउनु पर्नेछ।
४. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं (२०८१/०२/०३ गते) दिनको २:०० बजे खोलिनेछ। तर निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
५. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
६. यसमा नखुलेका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य नेपाल सरकार प्रचलित ऐन नियम बमोजिम हुनेछ र यस सम्बन्धी सर्म्पूण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ।
७. दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय मा सम्पर्क गर्न सकिने छ।

**तपसिल**

| ठेक्का नं. | सामान/उपकरणको नाम | लागत अनुमान रकम रु | दरभाउपत्र फारम दस्तुर रु | जमानत रकम |
|---|---|---|---|---|
| CRM/2080/081/ CCTV-13 | गाउंपालिका तथा अन्तर्गतका संस्थाहरुमा फ्रि वाईफाई, सिसि क्यामरा जडान तथा गा.पा.बाट मोनिटरिंग कार्य व्यवस्थापन | २०,००,०००/- | १,०००/- (एक हजार) | ५०,०००/- |
| CRM/2080/081/ DB - 14 | गाउंपालिका तथा अन्तर्गतका कार्यालयहरुमा डिजिटल बोर्ड जडान | २०,००,०००/- | १,०००/- (एक हजार) | ५०,०००/- |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## आगलागीका घटना कम गर्ने उपाय

देशका विभिन्न वनमा डढेलो फैलने क्रम बढ्दो छ। तापक्रम बढेसँग कुनबेला बस्ती सखाप हुनेगरी आगो फैलने हो, त्रास फैलिएको छ। पानी नपर्दा तापक्रम बढ्दो छ भने प्रदूषणले सास फेर्न मुस्किल। यही कारण देशका विभिन्न वनमा रातदिन आगो लाग्दा पनि सरकारले भने आगलागी नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सकेको छैन। कारण, पूर्वाधारको अभाव। यसै कारण आगलागीका घटना दिनानुदिन बढ्दो छ। जसका कारण एकै महिनामा २५ जनाले ज्यान गुमाइसके। मंगलबार राजधानीमै डढेलो निभाउन पुगेका एक जनाको मृत्यु भयो। आगलागीका कारण भएको क्षतिको विवरण अथाह छ। पूर्वाधारमा क्षति उस्तै छ। प्रारम्भिक विवरणअनुसार ५३ करोड रूपैयाँबराबर क्षति महिना दिनकै आगलागीमा भएको देखिन्छ। यो अवधिमा एक हजार ४११ आगलागीका घटना भएको देखिन्छ।

आगो एक घरमा सल्केपछि एकैछिनमा गाउँ सखाप पार्छ। जंगलमा कैयन् दिन आगो नियन्त्रणमा आउन सकिरहेको छैन। वनजंगलमा आगलागी हुनुका कारणहरू खुल्न निकै मुस्किल हुन्छ। कतिपयले जानीजानी आगो लगाउने गर्छन्। जसकारण जंगलै सखाप हुन्छ। त्यसैगरी कुनै घटना विद्युत् सर्ट हुँदा हुन्छन् भने कतिपय मानवीय त्रुटिकै कारण। यसरी हुने आगलागी निकै जोखिमपूर्ण हुन्छ किनभने नेपालको नियन्त्रण गर्ने पूर्वाधार निकै फितलो छैन। प्रहरीले आगलागीका घटना हुनसाथ १०० नम्बरमा फोन गर्न र १०१ मा दमकललाई फोन गर्न उर्दी जारी गरेको छ। पहाडी र मधेस क्षेत्रका वनमा आगो सल्केपछि न त प्रहरीले यो नियन्त्रणमा ल्याउन सक्छ न त दमकलले नै। बरु आगो नियन्त्रणमा खटेकाहरू नै आगलागीमा परेर ज्यानै जान सक्छ।

यस्तो अवस्थामा आगलागीका घटना सिर्जना गराउने व्यक्तिलाई कडा कारबाही हुने कानुनी व्यवस्था लागू गराउनु सरकारको पहिलो कदम हुनुपर्छ। यसो गर्दा धेरै घटनाबाट जोगिन सक्छ किनभने धेरैजसो वनजंगलमा उटपटचाङ गर्ने समूहले आगो लगाउने गरेको पाइन्छ। उनीहरूको पहिचान गर्न वन जंगल क्षेत्रमा सामुदायिक तथा सरकारी वन क्षेत्रमा सिसिटिभी क्यामेरा जडान गर्नुपर्ने देखिन्छ। यसैगरी विपद् पूर्वतयारीका लागि आगलागीबाट बच्न सकिने विषयहरूमा सरकारले पूर्वाभ्यास गराउनुपर्छ। सरकारले डढेलो नियन्त्रणका लागि दमकल खटाउनुभन्दा स्थानीय ज्ञानको प्रयोग गर्दा अझ राम्रो हुन्छ। यसैले अबका दिनमा प्रहरी, सचेत नागरिक र वन क्षेत्रका कर्मचारीको समन्वयमा पूर्वतयारी, पूर्वसुरक्षा कार्यक्रमहरू ल्याए यस्ता घटनामा कमी आउन सक्छ।

# श्रमजीवी वर्गको हित र नीतिगत व्यवहार



▸▸ मनोहर कार्की

विश्वका श्रमजीवी वर्गको हित र जीवनको सम्मान, कामको सुरक्षित प्रत्याभूतिका लागि लामो संघर्षको इतिहास छ। मजदुर वर्गको सर्वांगीण हक, हितको अभ्युत्थान तथा श्रमजीवी वर्गको श्रम मूल्यको पहिचान र राज्यबाट उचित सम्मान, संस्थागत तथा व्यावहारिक कदरको सोपानले विशेष महत्त्व राख्दछ। मजदुर आन्दोलन र श्रमजीवी वर्गको हितका लागि विश्व इतिहासका विभिन्न कालखण्डमा ठूला आन्दोलन भएका छन्।

मजदुर तथा श्रमजीवी वर्गको हित प्रवर्द्धन, रोजगारीको सुरक्षा र हक अधिकारको संरक्षणका लागि लोकतान्त्रिक सरकारले प्राथमिक दायित्व महसुस गर्नुपर्‍यो। व्यवहारलाई ऊर्जाशील र नीतिगत कार्यक्रममा समेट्नुपर्‍यो। वर्तमान पुष्पकमल दाहाल नेतृत्वको गठबन्धन सरकारले अघि सारेको सामाजिक सुरक्षाका कार्यक्रम, युवा स्वरोजगार तथा उद्यमशीलता विकास कार्यक्रम, वैदेशिक रोजगारीको सुरक्षा र सम्मान तथा आकर्षक वेतन, समान काम समान ज्यालाको मापदण्डको ग्यारेन्टी कागजमा मात्र सीमित नरही कार्यान्वयनको अपेक्षा छ।

स्थानीय सरकारको अभ्यासको थालनीले दोस्रो कार्यकालको तेस्रो वर्ष लाग्दै गर्दा के कति उपलब्धि भए र चुनौती थपिए भन्ने समीक्षाको विषय रहला। स्थानीय सीप, दक्षता र सामग्रीको प्रयोग गरी रैथाने व्यवसाय र उद्यमशीलतालाई अघि बढाउने नीति तथा कार्यक्रम आवश्यकता छ। कृषि, सामुदायिक वन, लघु व्यवसाय, ग्रामीण पर्यटन तथा पर्यापर्यटनलाई एकसाथ एकीकृत कार्यक्रममा लैजान सकिन्छ। सोच र नीति स्थानीयता र रैथाने सीप तथा उद्यमी लक्षित हुन सकेमा उल्लेख्य रोजगारीका अवसर सिर्जना गरी विदेश पलायनको चापलाई थेग्न सकिन्थ्यो कि ? हाम्रो योजना र नीति श्रमिक वर्ग र व्यवसायमुखी किसानमैत्री बनाउन सकिएमा संघीयता र स्थानीय सरकारले सार्थकता पाउने छ।

सोह्रौं पञ्चवर्षीय योजनाको निर्माण र प्राथमिकता निर्धारणका सन्दर्भमा भर्खरै सम्पन्न राष्ट्रिय विकास परिषद्को बैठकमा मिहीन विचार विमर्श भए। विशेषतः आर्थिक विकासको लक्ष्य हासिल गर्ने र गरिबी निवारणका दिशामा ठोस योजना आवश्यक देखिए। ऊर्जा, कृषि तथा पर्यटन क्षेत्रले आगामी पञ्चवर्षीय योजनामा प्राथमिकता पाउने छनक देखिन्छ। हालै प्रकाशित मानव विकास सूचकांकअनुसार नेपालमा अझै २०.८ प्रतिशत नेपाली गरिबीको रेखामुनी रहेका छन्। यस्ता प्राथमिकता प्राप्त क्षेत्रमा रोजगार सिर्जना, लगानी साझेदारी, आन्तरिक पुँजी परिचालन, युवा तथा उद्यमशीलता र श्रमलाई जोड्ने खालका कार्यक्रम निर्देशित हुनुपर्दछ।

नेपालमा २०४६ सालको ऐतिहासिक जनआन्दोलनपश्चात् बनेको प्रजातान्त्रिक सरकारले श्रम ऐन, २०४८ ल्यायो र यसै ऐनमा निर्देशित रहेर श्रम नियमावली, २०५० पनि कार्यान्वयनमा आयो। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुसार नेपालको संविधान, २०७२ जारी भएपछि उल्लिखित ऐनलाई प्रतिस्थापन गरी श्रम ऐन, २०७४ ल्याइयो। साथै श्रम नियमावली, २०७५ कार्यान्वयनमा आएको छ। सन् २०१७ मा सार्वजनिक तथ्यांकअनुसार नेपालमा १६.८ मिलियन श्रमशक्ति रहेको छ जुन विश्वको ३७औं ठूलो श्रमशक्ति हो। नेपालको कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २८ प्रतिशत रहेको छ भने कूल श्रमशक्तिको दुईतिहाइ श्रमशक्ति कृषि क्षेत्रमा संलग्न रहेका छन्। पछिल्लो समयमा वैदेशिक रोजगारीका लागि उल्लेख्य युवा पलायन भएकाले कृषि तथा अन्य उत्पादनमूलक क्षेत्रमा यसको गम्भीर र प्रत्यक्ष असर परेको छ।

नेपालको संविधान, २०७२ को भाग ३ मा व्यवस्था भएको मौलिक हकअन्तर्गत धारा ३३ मा रोजगारीको हक तथा धारा ३४ मा श्रमसम्बन्धी हकलाई महत्त्वका साथ ग्रहण गरिएको छ। रोजगारीको हक र रोजगारी छनोटसम्बन्धी हकको प्रत्याभूति गरिएको पाइन्छ। साथै श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षा, कानुनबमोजिम ट्रेड युनियन खोल्ने, सहभागी हुने तथा सामूहिक सौदाबाजीको हकलाई मुखरित गरेको छ। यसको कार्यान्वयन पक्षलाई प्रभावकारी र श्रमिकमैत्री बनाउनु थप चुनौती छ।

मजदुर आन्दोलन र नेपालको राजनीतिक क्षेत्रमा यस आन्दोलनको आफ्नै मौलिक पहिचान छ। सर्वप्रथम वि.सं. २००४ सालको विराटनगर जुटमिलमा भएको मजदुर आन्दोलनले नेपालको मजदुर आन्दोलनको इतिहासमा विशेष महत्त्व राख्दछ। गिरिजाप्रसाद (जिपी) कोइराला, मनमोहन अधिकारी, तारिणीप्रसाद कोइराला, युवराजलगायतका मजदुर नेता त्यस जुट मिलमा कार्यरत थिए। आन्दोलनको छैटौं दिनपश्चात् जुटमिलका महाप्रबन्धक आरके सिहानियाँले १० मार्च १९४७ मा आन्दोलन नियन्त्रण हेतु एक सार्वजनिक अपिल तात्कालिक राणा प्रधानमन्त्रीलाई सम्बोधन गरी लेखे। उनको अपिलमा उल्लेख भएका आन्दोलनरत पाँच जना मजदुर नेतामध्ये दुई प्रमुख नेतामा जिपी र मनमोहन थिए। मजदुर आन्दोलनका दौरानमा जिपी, मनमोहन, तारिणी, विकु तथा युवराजलगायतलाई गिरफ्तार गरियो र काठमाडौंलगायत केहीलाई धनकुटामा बन्दी वनाइयो। तात्कालिक नेपालको लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व जिपी कोइराला नेतृत्वमा विराटननगर जुट मिलका मजदुरहरूले वर्गीय हित तथा पेसागत सुरक्षाको माग राखी अघि बढाएको आन्दोलन नेपालको मजदुर आन्दोलनको पहिलो संस्थागत आन्दोलन हो।

साँचो अर्थमा जिपी र बामपन्थी नेता मनमोहनको राजनीतिक पदार्पण ऐतिहासिक विराटनगर जुटमिल आन्दोलन नै हो। यस आन्दोलनमा तारिणीप्रसादलगायतको समेत योगदान थियो। वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलनको ऐतिहासिक पृष्ठभूमिको एक पाटाका रूपमा विराटनगर मजदुर आन्दोलन रहेकोमा दुईमत नरहला। जिपी र मनमोहनको राजनीतिक यात्राको आरम्भ मजदुर नेताकै रूपमा जुटमिल मजदुर आन्दोलनबाटै भएको थियो।

नेपालको राजनीतिक आन्दोलन, परिवर्तन तथा लोकतन्त्रको पुनर्स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा श्रमजीवी तथा मजदुरको योगदान रहँदै आएको छ। वि.सं २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा मजदुर आन्दोलनको उल्लेख्य योगदान छ। २०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्स्थापना, त्यस्तै २०६२/६३ मा संघीय लोकतन्त्रिक गणतन्त्र स्थापनाका लागि भएको जनआन्दोलनमा श्रमजीवी मजदुर वर्गको सक्रिय सहभागिता रहेको थियो। जसको परिणामस्वरूप नेपालको राजनीतिक परिवर्तन सम्भव भयो। सामाजिक आर्थिक रूपान्तरणका दिशामा देश अग्रगमनमा छ।

श्रमजीवी वर्गको श्रमको मूल्य र राज्यशक्तिबाट उचित सम्मानको संस्थागत र व्यवहार सोपानले महत्त्व राख्दछ। राजनीतिक आन्दोलन, मुक्ति संघर्ष र परिवर्तनका संवाहकका रूपमा श्रमजीवी मजदुर वर्गको अहम् भूमिका रहेको ऐतिहासिक पृष्ठभूमि छ। यस सन्दर्भमा अमेरिकी मजदुर आन्दोलन, पेरिस कम्युनको ऐतिहासिक आन्दोलनमा मजदुर तथा श्रमजीवी वर्गको अग्रणी भूमिका ऐतिहासिक यथार्थता हो। श्रमको अतिरिक्त मूल्यका सिद्धान्त अर्थशास्त्र र अर्थ-राजनीतिको बहस पैरवी इतिहासले खोज्यो, श्रमजीवी वर्ग र तिनका अगुवाले वकालत गरे, नीति निर्माता र राज्य सञ्चालकले परिपालनाको प्रयास निरन्तर गरे।

अमेरिकाको इतिहासमा जब हामी मजदुर आन्दोलन र मे क्रान्तिको कुरा गर्छौं, १९औं शताब्दीको सन् १८८६ मे १ को त्यो ऐतिहासिक दिन जुन दिन अमेरिकाको शिकागो सहरमा त्यहाँको आमहड्तालमा लाखौं श्रमजीवी मजदुरलृ पेसागत हितको प्रवर्द्धन, कामको सुरक्षाका आधारभूत मागहरू राखी शिकागोका सडकमा पहिलो मजदुर आन्दोलनको उद्घोष गरे। न्यूनतम् आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको मागसहित शिकागोका सडकमा स्वःस्फूर्तरूपमा उर्लिएको श्रमजीवी वर्गको मानव सागरमा तात्कालिक सरकारी सुरक्षाकर्मीले घोर धरपकड र दमनको ताण्डव नृत्य देखायो। शिकागो सहरबाट सुरु भएको मजदुर तथा श्रमजीवी वर्गको आन्दोलन अमेरिकाका विभिन्न सहरमा फैलियो। आन्दोलन निरन्तर चार वर्षसम्म अघि बढेपछि तात्कालिक अमेरिकी सरकार आन्दोलनकारी मजदुरहरूको मागलाई सम्बोधन गर्न सकारात्मक भयो तथा आठ घण्टाको कार्य समयलगायतका अन्य विभिन्न मागलाई सम्बोधन गर्ने कानुन निर्माणमा सहमत भयो। मजदुर अधिकारका सन्दर्भमा सन् १८८६ को हेयमार्केट दंगाको विशेष महत्त्व छ। अमेरिकी शिकागो सहरमा भड्किएको दंगामा कयौं प्रहरी र आन्दोलनकारीको हाताहाती भयो। अमेरिकी मजदुर ऐक्यवद्धता ऱ्यालीमा सन् १८८२ सेप्टेम्बर ५ को मजदुर ऱ्यालीको महत्त्व आफैंमा छ, जुन ऱ्यालीमा १० हजार मजदुरले न्युर्योकको सिटीहलदेखि युनियन स्क्वायरसम्म मार्चपास गरी मजदुर दिवस मनाएको अमेरिकी इतिहास छ। सन् १८९४ को मे ११ तारिखमा पुल्म्यान प्यालेस कार कम्पनीका कामदारले सिकागोमा ज्याला कटौती र मजदुर युनियनका प्रतिनिधिलाई हटाइएको विरोधमा हडताल गरेका थिए। मजदुर दिवसलाई कानुनी मान्यता दिने विधेयकमा तात्कालिक अमेरिकी राष्ट्रपति ग्रोभर क्लेभलैण्डले सन् १८९४ जुन २८ मा हस्ताक्षर गरेपछि वैधानिक मान्यता पाउन सक्यो। अमेरिकी श्रमिक फेडेरेसनका सहसंस्थापक पिटर जे म्याकगुयर मजदुर दिवसको औपचारिक सुरुआतका पैरवी गर्ने प्रथम अभियन्ताका रूपमा लिइन्छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ को धारा २३ र २४ मा स्पष्टरूपमा मानवअधिकार र श्रमजीवी वर्गको हकअधिकारको प्रत्याभूत गरिएको छ। धारा २३ (१) मा प्रत्येक व्यक्तिलाई कार्य गर्ने, रोजगारीको स्वतन्त्र छनोट, आफू सुहाउँदो कार्य अवस्थाको तथा बेरोजगारीविरुद्ध सुरक्षाको अधिकार छ। धारा २३ (२) मा 'प्रत्येक व्यक्तिको विनाभेदभाव समान कार्यका लागि समान ज्याला पाउने अधिकार छ' भन्ने उल्लेख गरिएको छ। धारा २३ (३) मा 'प्रत्येक व्यक्तिको आफू तथा आफ्ना परिवारका लागि मानवसम्मानयुक्त जीवन सुनिश्चित गर्न उचित एवं सुहाउँदो पारिश्रमिक पाउने अधिकार छ तथा यसलाई आवश्यक भएमा अन्य सामाजिक सुरक्षा उपायद्वारा थप्न सकिने' उल्लेख छ। साथै धारा २३ (४) मा 'प्रत्येक व्यक्तिलाई निजको हितको रक्षार्थ ट्रेड युनियन स्थापना गर्न र त्यसमा स्वतन्त्ररूपमा सहभागी हुने अधिकार' र २४ (४) मा 'प्रत्येक व्यक्तिलाई कार्यघण्टाको कारणयोग्य सीमांकन तथा आवधिक वैधानिक विदासहितको विश्राम र फूर्सदको अधिकार छ' भन्ने प्रावधान छ। विश्वव्यापी घोषणपत्रको एक पक्षधर राष्ट्रका रूपमा नेपाल रहेकाले विश्वव्यापी घोषणापत्रका मूल्य र सारलाई कार्यान्वयन गर्नु कानुनी र नैतिक दायित्व रहन्छ।

हजारौं ऊर्जाशील युवा सीप र श्रमशक्ति सामान्य रोजगारीका लागि खाडी मुलुक, दक्षिणपूर्वी एसियाका मलेसियालगायतका मुलुकमा भौतारिनुपर्ने क्रममा सुधार हुनु आवश्यक छ। सरकार लाग्नुपर्‍यो, निजी क्षेत्रले उत्साह देखाउन सक्नुपर्‍यो। समाधान हामीले खोज्ने हो। स्पष्ट नीतिगत कार्यक्रम र रोजगार नीति निर्मम ढंगले कार्यान्वयनमा ल्याउन सरकार लाग्नुपर्छ। श्रम कानुन श्रमिक वर्गको हितको पोषणतर्फ परिलक्षित हुनुपर्दछ। श्रमलाई रोजगार र उद्यमशीलता तथा सीपमा जोड्न संघीय र स्थानीय सरकार जुर्मुराउनुपर्छ। औद्योगिक तथा व्यावसायिक क्षेत्र, ट्रेड युनियनका छाता संगठनले समन्वयात्मक सहकार्य र अनुकूल कार्य वातावरण निर्माण र थप रोजगारीका अवसर दिन जरुरी छ।

*(लेखक मानवशास्त्री तथा अधिवक्ता हुन्)*

हजारौं ऊर्जाशील युवा सीप र श्रमशक्ति सामान्य रोजगारीका लागि खाडी मुलुक, दक्षिणपूर्वी एसियाका मलेसियालगायतका मुलुकमा भौतारिनुपर्ने क्रममा सुधार हुनु आवश्यक छ। सरकार लाग्नुपर्‍यो, निजी क्षेत्रले उत्साह देखाउन सक्नुपर्‍यो। समाधान हामीले खोज्ने हो। स्पष्ट नीतिगत कार्यक्रम र रोजगार नीति निर्मम ढंगले कार्यान्वयनमा ल्याउन सरकार लाग्नुपर्छ। श्रम कानुन श्रमिक वर्गको हितको पोषणतर्फ परिलक्षित हुनुपर्दछ। श्रमलाई रोजगार र उद्यमशीलता तथा सीपमा जोड्न संघीय र स्थानीय सरकार जुर्मुराउनुपर्छ।

मनन्योग्य

## चाणक्य नीति

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन्। यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ। कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए।

समय बित्दै गयो, धेरै वसन्त आए गए। कति पात झरे, पलाए। पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त। अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे।

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ। यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए। अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए। नही किनारमा कुलपतिसँग भेट भयो।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए। आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे। पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ। यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

क्रमशः

पत्र-मञ्जुषा

## घरभाडा निर्धारण गर्ने काम कसको ?

मुलुकमा तीनवटा सरकार छ, स्थानीय, प्रदेश र संघीय। तर, तीनवटै सरकारले घरभाडा निर्धारण गरेको छैन। कुन ठाउँमा कस्तो कोठा, फ्ल्याट वा सटरको मूल्य कति ? भनेर कसैले तोकेको पाइँदैन। घरधनीहरूको जिब्रोमा कोठा, फ्ल्याट र सटरको मूल्य छ। घरधनीहरू जति भन्छन्, त्यति नै भाडा तिर्न बाध्य छन् डेराबहालहरू।

भाडामा बस्ने मानिसहरूले पाउनुपर्ने सेवासुविधाहरू के-के हुन् ? घरधनीहरूले भनेजति पैसा तिरे पनि डेराबहालहरूले केही सेवासुविधा पाउँदैनन्। घरधनीहरू एउटै कोठाको ठाउँअनुसार मासिक भाडा नौ हजारदेखि २० हजारसम्म असुल्छन्। एउटा सटरको १५ हजारदेखि १८ लाख र एक फ्ल्याटको ३० हजारदेखि दुई लाखसम्म लिइन्छ।

खाली सटर २० लाखदेखि ६० लाखमा खरिदबिक्री हुन्छ। महिना मर्नुअघि भाडा माग्न ढोकामा आइपुग्छन्, घरधनीहरू। तर, घरधनीहरूले लिएको भाडा महँगो हो कि सस्तो भनेर न सरकारलाई थाहा छ न डेराबहाललाई। घरधनीहरू खाली जग्गासमेत भाडामा लगाएर पैसा असुलिरहेका छन्। सवारीसाधन पार्किङकोसमेत मासिक तीन हजारदेखि पाँच हजारसम्म उठाउँछन्। घरधनीहरूले एउटा घरमा करोडदेखि अर्बौं लगानी गरेका छन्।

घर भाडामा लगाएर महिनामै लाखदेखि करोड उठाउँछन्। तर, लगानी र आम्दानीबापतको राजस्व राज्यलाई तिर्दैनन्। न त घरको छ/छ महिनामा प्राधिकरण चेकजाँच गर्छन्। घर पनि घरेलु र कम्पनीमा दर्ता गरिँदैन। पञ्जीकरण त झन् परको कुरा भयो। घरधनीहरूले भत्किन लागेको घरसमेत भाडामा लगाएका छन्।

अझै त्यस्तो घर वा सरकारको मापदण्डभित्र नपरेका घरको पनि एक लाखदेखि १५ लाख रूपैयाँसम्म घूस खुवाएर घर सम्पन्नताको प्रमाणपत्र लिएका छन्। राज्य घरधनीहरूको अगाडि निरीह बनेको छ। घरधनीहरू डेराबहालसँग चर्को पैसा उठाउँछन् तर राज्यलाई घरबहाल कर तिर्दैनन्।

यसले एकातिर सर्वसाधारण जनता मारमा परेका छन्, अर्कोतिर राज्य राजस्वविहीन भएको छ। सरकार पनि घरेलु र कम्पनीमा दर्ता नभएका तथा पञ्जीकरण नगरेका घरहरूको नामसारी रोकिदिने, राज्यबाट उपलब्ध सेवासुविधा कटौती गर्ने तथा घर सम्पन्नताको प्रमाणपत्र नदिने भनेर निर्णय गर्दैन। घर सबै भाडामा लगाइएको हुन्छ।

यद्यपि, घरधनीहरू भने आफ्नो घर खाली रहेको वा आफन्त बसेको भन्दै राज्यलाई घरबहाल कर तिर्दैनन्। अहिले पनि अधिकांश घरको नक्सा पास भएको पाइँदैन। कतिपयले भने दुई तल्लाको नक्सा पास गरेर सात तल्लाको घर बनाएका छन्। पछिल्लो समय बजार पूरै मन्दीमा छ। व्यापार व्यवसाय ठप्प छ। बेरोजगारी ह्वात्तै बढेको छ। महँगीले सीमा नाघिसक्यो।

आम सर्वसाधारण कोठा, फ्ल्याट वा सटर लिएर बस्न तथा व्यापार व्यवसाय सञ्चालन गर्न नसक्ने अवस्थामा पुगेका छन्। एकातर्फ घरधनीहरूको चर्को भाडा, अर्कोतर्फ व्यापार व्यवसाय ठप्प वा बेरोजगारीले अहिले कोठा, सटर र फ्ल्याट खाली हुने क्रम बढ्दो छ। यता, घरधनीहरू वर्षौंसम्म घर खाली राख्न तयार हुन्छन् तर सस्तोमा भाडामा दिँदैनन्।

शिक्षा, स्वास्थ्य, रोजगारी, व्यापारव्यवसायलगायत विभिन्न सेवासुविधाका लागि एउटा जिल्लाको मानिस अर्को जिल्लामा गएर भाडामा बस्ने गरेको पाइन्छ। देशभरका ७५३ वटै स्थानीय तहमा घरभाडामा लगाइएको छ। बैंक तथा वित्तीय संस्थाहरूले पनि सम्पूर्ण कर्जा लगानी घरजग्गामै गरेका छन्। व्यापार व्यवसाय गर्ने, विदेश जाने वा जागिर खानेहरूले पनि आफूले कमाएको रकम घरजग्गामै लगानी गरेका छन्।

यसले गर्दा अहिले घरजग्गा कारोबारमा मन्दी आउनासाथ सबैतिर सबै डुबेका हुन्। यता, राज्य पनि घर भाडा निर्धारण गर्दैनन्। यो ठाउँमा यो कोठाको यति मूल्य भनेर सम्बन्धित निकाय तोक्दैनन्। यतिसम्म कि राज्य घरधनीहरूबाट राजस्वसमेत उठाउन सकिरहेको छैन। अब सरकारले यसतर्फ ध्यान दिनुपर्छ। घरधनीहरूको लुटधन्दा नियन्त्रण गर्नैपर्छ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

प्रभाव दैनिक





## पूजाको 'दान्भी' असार ७ देखि

अभिनेत्री पूजा शर्माले पहिलोपटक एक्सन भूमिकामा अभिनय गरेको फिल्म 'दान्भी' अब आगामी असार ७ गतेबाट प्रदर्शनमा आउने भएको छ । पूजाको जन्मदिनको अवसरमा फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि फिल्मलाई जेठ १० गते ल्याउने तयारी गरिएको थियो । तर, यो मितिमा दुई ठूलो फिल्म 'पूजार सार्की' र 'फर्की फर्की' आउने भएपछि फिल्मको प्रदर्शन मिति सारिएको हो । स्मेश तामाङको निर्देशनमा तयार भएको फिल्ममा पूजाको अपोजिटमा कुन्साङ बम्जन रहेका छन् । कुन्साङले यही फिल्मबाट डेब्यु गर्दै छन् ।



बुधबार १९, वैशाख २०८१ (Wednesday, May 01, 2024)




■ प्रभाव संवाददाता

**काठमाडौं–** म्यूजिक भिडियोमा चर्चित मोडल सनिशा भट्टराई फिल्ममा डेब्यु गर्ने भएकी छन् । सनिशाले अभिनेता विराज भट्टको निर्देशनमा बन्न लागेको आगामी फिल्म '१२ गाउँ' बाट डेब्यु गर्न लागेकी हुन् । विराजले सोमबार फेसबुकमार्फत फिल्ममा उनको अभिनय रहने पुष्टि गरेका हुन् । फिल्ममा उनको प्रमुख भूमिका रहने विराजले जनाएका छन् । विराजले लेखेका छन्- 'धेरै सम्भावना बोकेकी, सौन्दर्य तथा कला की धनी सनिसा भट्टराई हाम्रो १२ गाउँ चलचित्रमार्फत प्रमुख भूमिकामा आफ्नो फिल्मी यात्राको सुरुवात गर्दै । वहाँलाई धेरै धेरै बधाई तथा शुभकामना ।'

सनिशाले 'ए होर माया', 'आँशु बनि नखस कैले नि', 'तिमीलाई हेर्ने बानी पर्‍यो' लगायत कैयौं म्युजिक भिडियोमा काम गरिसकेकी छन् ।

यसै वर्ष छायांकनको तयारी गरिएको '१२ गाउँ'मा विराज स्वयं मुख्य भूमिकामा छन् भने उनका छोरा समीर भट्टको पनि अभिनय रहनेछ । यो फिल्मबाट सनिशासँगै पूर्वमिस नेपाल इन्टरनेसनल (२०२२) न्यान्सी खड्काले पनि डेब्यु गर्दैछिन् । भिलेनको भूमिकामा कनिज कोइरालाको अभिनय रहनेछ । फिल्ममा सन्तोष सरकारको कथा तथा पटकथा रहेको छ । एक्सन प्रधान रहने फिल्मका लागि उनले साउथ फिल्मका द्वन्द्व निर्देशक स्टन्ट सिल्भा फिल्ममा द्वन्द्व निर्देशनसँगै मुख्य खलपात्रको भूमिका पनि रहने बताइएको छ ।

# 'पुजार सार्की'को दोस्रो गीत 'रिमै' सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** दिनेश राउत निर्देशित आगामी जेठ १० गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'पुजार सार्की'को दोस्रो गीत 'रिमै' सार्वजनिक गरिएको छ । फिल्मको थिममा गीत तयार पारिएको छ । गीतमा पुजारको चरित्र निभाएका अभिनेता आर्यन सिग्देल र अभिनेत्री अन्जना बराइली त्यसैगरी मैतबहादुरको चरित्रमा रहेका अभिनेता प्रदीप खड्का र अभिनेत्री परीक्षा लिम्बुको अन्तरजातीय प्रेम, दोधारमा परेका अभिनेता पल शाहलाई देखाइएको छ ।

निर्देशक राउतका शब्द र सुवास भुसालको संगीत रहेको गीतमा देवेन्द्र बराल र मुना ठटालको स्वर छ । यसअघि सार्वजनिक गीत 'दर्शन गरेँ'ले दर्शकको मन जितिरहेको समय यो गीतले चलचित्रको चर्चा अझै चुल्याउने निर्माणको विश्वास रहेको छ ।

चलचित्रमा आर्यन सिग्देल पुजारीको भूमिकामा देखिएका छन् । प्रदीप खड्का दमाहा बजाउँदै गरेको देखाइएको छ ।उनको पूर्ण परिचय भने गराइएको छैन । पल शाहको भूमिका पनि सस्पेन्स छ । अभिनेत्रीहरू अन्जना बराइली र परीक्षा लिम्बुलाई ग्रामीण परिवेशका युवतीहरूको रूपमा देखाइएको छ । चलचित्र मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मा, शंकर आचार्य, प्रेम सुब्बा, गोविन्द रमण पराजुली, राजेश बिसुराललगायतको समेत चलचित्रमा अभिनय छ ।

चलचित्रका लेखक विकास सुवेदी हुन् । यसअघि विकास र दिनेशले चलचित्र 'प्रकाश'मा सहकार्य गरेका थिए । चलचित्रलाई सुवास भुसालले निर्माण गरेका हुन् । किंगडम नेटवर्कको ब्यानरमा बनेको यो चलचित्र नेपालमा आरआर फिल्मसले वितरण गर्दैछ, भने अन्तर्राष्ट्रिय बजारमा एमएसएम इन्टरटेन्मेन्टले वितरण गर्दैछ । निर्माता भुसालले नै यस चलचित्रको लागि संगीत तयार गरेका छन् । राजेश श्रेष्ठको डिओपी रहेको 'पुजार सार्की'लाई भरत रेग्मीले सम्पादन तथा सुप्रिम पराजुलीले कलर ग्रेडिङ तथा हिमाल केसीले द्वन्द्व निर्देशन गरेका छन् ।


# शिल्पी थिएटरमा 'बाजी' मञ्चन

■ प्रभाव संवाददाता

**काठमाडौं–** शिल्पी थिएटर बत्तीसपुतलीमा नाटक 'बाजी' मञ्चन हुने भएको छ । यही वैशाख २४ गतेदेखि ३० गतेसम्म ७ दिन नियमित मञ्चन हुने नाटक एन्टोन चेखवले सन् १८८९ मा लेखेको कथा बाजीलाई रंगकर्मी रविन परियारले नाट्य रूपान्तरण र निर्देशन गरेका हुन् ।

नाटकमा गोविन्द ओली, सुमित भण्डारी, सुशीला विश्वकर्मा, धनराज सुनार, अनुप तिमिल्सिना, रविन परियार र जय प्रकाश ताजपुरियाको अभिनय रहनेछ । नाटकमा अनुप तिमिल्सिनाले संगीत संयोजन, प्रकाश परिकल्पना र सञ्चालन प्रेम चन्द पाण्डे र भेषभूषा परिकल्पनामा संगीता उराँव रहेका छन् । सेट परिकल्पना र निर्माण धनराज सुनार र गोविन्द ओलीको छ भने संगीत सञ्चालन अरविन्द कुमार मौर्यको रहनेछ ।

नाटकमा ज्ञान मानिस रूपान्तरण हुने संवाहक हो । कारागारका बन्दीहरूले रूपान्तर हुने अवसर पाउने हो भने आफूलाई सुधार्न सक्छ भन्ने कुरो नाटकले देखाउने छ । एन्टोन चेखव आफूलाई मनपर्ने नाटककार तथा कथाकार भएकोले उनको कुनै रचनालाई मञ्चमा देखाउने रहरले नाटक बनाएको निर्देशक परियारले बताए । उनले नाटक हेरेर कमेन्ट गर्न अनुरोध समेत गरे । शिल्पीमा अहिले नाटक 'ए आई'को मञ्चन भइरहेको छ । वैशाख २२ गतेसम्म नाटक नियमित मञ्चन हुनेछ ।




## रंगशाला

# महिला हक्कीको उपाधि आर्मीलाई

■ प्रभाव संवाददाता



**धुलिखेल-** विभागीय टोली त्रिभुवन आर्मी क्लबले छैटौं साहना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिताको उपाधि जितेको छ । धुलिखेल खेल मैदानमा मंगलबार सम्पन्न फाइनल खेलमा गण्डकी प्रदेशलाई ४-१ गोल अन्तरले हराउँदै आर्मी उपाधि जित्न सफल भएको हो । आर्मीलाई जित दिलाउन सरस्वती तामाङले दुई गोल गरिन् । यस्तै, आर्मीकै सीमा खड्का र कमला चन्दले १/१ गोल गरिन् । गण्डकीका सीता माया बलले एक गोल फर्काइन् ।

खेलको चौथो मिनेटमा सरस्वतीले गोल गर्दै आर्मीलाई अग्रता दिलाएकी थिइन् । तर, १६औं मिनेटमा सीताले गोल गर्दै गण्डकीलाई खेलमा फर्काइन् । १८औं मिनेटमा सरस्वतीले व्यक्तिगत दोस्रो गोल गर्दै आर्मीलाई २-१ गोलको अग्रता दिलाइन् । २४औं मिनेटमा कमलाले गोल गर्दै आर्मीको अग्रता ३-१ मा पुऱ्याइन् । ५७औं मिनेटमा सीमाले गोल गर्दै आर्मीलाई उपाधि दिलाउन सफल भइन् । फाइनल खेलको प्लेअर अफ द म्याच कमला चन्द चुनिन् । उपाधिसँगै आर्मीले १ लाख रूपैयाँ प्राप्त गरेको छ । दोस्रो हुने गण्डकीले ७५ हजारमा चित्त बुझायो ।

त्यसैगरी धेसलाई १-० गोल अन्तरले हराउँदै सुदूरपश्चिम प्रदेशले तेस्रो स्थान हासिल गरेको छ । खेलको २७औं मिनेटमा बबिता उराउले गरेको गोल नै मधेशका लागि निर्णायक बन्यो । प्रतियोगितामा सर्वाधिक १० गोल गरेकी आर्मीकी सरस्वती बेस्ट स्कोरर हुन सफल भइन् ।

इमर्जिङ प्लेअर सुदूरपश्चिम प्रदेशकि नमिता एसके चुनिइन् । बेस्ट गोलकिपरमा गण्डकीकी गोमा परियार, बेस्ट डिफेन्डरमा आर्मीकी सरिता मेचे र आर्मीकै निलिमा पाण्डे प्लेअर अफ द टुर्नामेन्ट चुनिन् । उनीहरूले १०/१० हजार रूपैयाँ प्राप्त गरे । प्रतियोगितामा नेपाल आर्मी, बागमती, गण्डकी, लुम्बिनी, मधेश र सुदूरपश्चिम प्रदेश गरी ६ टोलीको सहभागिता रहेको थियो ।

# रेलिगेसनबाट बच्न चार टोलीले प्रतिस्पर्धा गर्ने

■ प्रभाव संवाददाता



**लामोसाँघु-** सिन्धुपाल्चोक जिल्ला लिगमा बुधबार 'प्लेअफ'का दुई खेल हुने भएको छन् । समूह चरणका १२ खेल सकिएसँगै बुधबार रेलिगेशनबाट ४ टोलीले प्रतिस्पर्धा गर्ने भएका हुन् ।

वसन्तपुर खेल मैदानमा हुने पहिलो खेलमा समूह 'ए' मा रहेको न्यू जेनेरेसन क्लबले लामोसाँघु फुटबल क्लबको सामना गर्नेछ । यो खेल बुधबार बिहान ८:३० बजे हुनेछ । यी दुवै टोलीले समूहका दुवै खेलमा पराजय बेहोरेका थिए ।

यस्तै, दिनको दोस्रो खेलमा समूह 'बी' मा सबै खेलमा पराजय बेहोरेको श्री राइजिङ युवा क्लबले समूह 'डी' को दुवै खेलमा पराजय बेहोरेको श्री कालिका त्रिशक्ति युवा क्लबको सामना गर्नेछ । मंगलबार सम्पन्न समूह चरणको अन्तिम खेलमा सुनौलो बिहानी अभियानले त्रिशक्ति युवा क्लबलाई ६-२ गोलले पराजित गरेको थियो ।

प्रतियोगिताको सेमिफाइनलको दुई खेल बिहीबार हुनेछ । पहिलो खेलमा चौतारा स्पोर्टङ क्लबले योङ जेनेरेसन युवा क्लबको सामना गर्नेछ । यस्तै, दोस्रो खेलमा समूह 'बी' को विजेता बाह्रदेवी युवा क्लबले समूह 'डी' को विजेता न्यू सदाबहार युवा क्लबसँग खेल्नेछ ।

## टी-२० विश्वकप

# दक्षिण अफ्रिका, इङ्ल्याण्ड र भारतले गरे टिम घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी जुन १ देखि २९ सम्म अमेरिका र वेस्ट इन्डिजमा हुने टी-२० विश्वकपका लागि विभिन्न देशहरूले आफ्नो टिम घोषणा गरेका छन् ।

आगामी टी-२० विश्वकपमा भारतले टिम घोषणा गरेको हो । भारतले आफ्नो १५ सदस्यीय टिमको घोषणा गरेको हो । टी-२० विश्वकप खेल्ने भारतीय टोलीमा रोहित शर्मा (कप्तान), हार्दिक पाण्ड्या (उपकप्तान), यशस्वी जैसवाल, विराट कोहली, सूर्यकुमार यादव, ऋषभ पन्त (विकेट), सञ्जु सैमसन (विकेट), शिवम दुबे, रविन्द्र जडेजा, अक्षर पटेल, कुलदीप यादव, युजवेन्द्र चहल, अर्शदीप सिंह, जसप्रित बुमराह र मोहम्मद सिराज रहेका छन् ।

त्यस्तै रिजर्भ खेलाडीमा शुभमन गिल, रिंकु सिंह, खलील अहमद र आवेश खानलाई राखिएको छ । आगामी टी-२० विश्वकपमा भारत समुह ए मा रहेको छ । समुह ए मा भारतसहित पाकिस्तान, आयरल्याण्ड, क्यानडा र अमेरिका रहेका छन् । विश्वकपमा भारतले पहिलो खेल जुन ५ मा आयरल्याण्डसँग खेल्ने तालिका रहेको छ ।

### इङल्याण्डको टिमको घोषणा

इङल्याण्डले आगामी टी-२० विश्वकपको टिम घोषणा गरेको छ । इङल्याण्डले आफ्नो १५ सदस्यीय टिमको घोषणा गरेको हो । इङल्याण्डको विश्वकप खेल्ने टिममा जोस बटलर (कप्तान), मोइन अली, जोफ्रा आर्चर, जोनाथन बेयरस्टो, ह्यारी ब्रुक, साम कुरान, बेन डकेट, टम हार्टले, विल ज्याक्स, क्रिस जोर्डन, लियाम लिभिङस्टोन, आदिल राशिद, फिल साल्ट, रिस टोपले र मार्क वुड रहेका छन् ।

टी-२० विश्वकपको डिफेन्डिङ च्याम्पियन समेत रहेको इङल्याण्ड यस विश्वकपमा समुह बी मा रहेको छ । समुह बी मा इङल्याण्डसहित अस्ट्रेलिया, नामिबिया, स्कटल्याण्ड र ओमान रहेका छन् । विश्वकपमा इङल्याण्डले आफ्नो पहिलो खेल जुन ८ मा अस्ट्रेलियासँग खेल्ने तालिका रहेको छ ।

### दक्षिण अफ्रिकाको टिम घोषणा

दक्षिण अफ्रिकाले आगामी टी-२० विश्वकपका लागि १५ सदस्यीय टिम घोषणा गरेको छ । दक्षिण अफ्रिकाको टी-२० विश्वकप टिमः एडेन मार्कराम (कप्तान), ओटनियल बार्टम्यान, जेराल्ड कोएट्जी, क्विन्टन डी कक, ब्योर्न फोर्टुइन, रीजा हेन्ड्रिक्स, मार्को जेन्सेन, हेनरिक क्लासेन, केशव महाराज, डेभिड मिलर, एनरिक नोर्टजे, कागिसो रबाडा, र्यान रिकेल्टन, ताब्रेज शाम्शी र ट्रिस्टन स्टब्स ।

रिजर्भ खेलाडीमा नान्द्रे बर्गर र लुंगी एनगिडी रहेका छन् र उनीहरू टिमसँगै ट्राभल गर्ने छन् । दक्षिण अफ्रिका टी- २० विश्वकपमा समुह डी मा रहेको छ । यस समुहमा दक्षिण अफ्रिकासहित बंगलादेश, श्रीलंका, नेदरल्याण्डस र नेपाल रहेका छन् ।

दक्षिण अफ्रिकाले विश्वकपमा आफ्नो पहिलो खेल जुन ३ मा श्रीलंकासँग खेल्ने तालिका रहेको छ । दक्षिण अफ्रीका र नेपालबीचको खेल भने जुन १५ मा हुने तालिका रहेको छ ।



पूर्वी चीनको झेजियाङ प्रान्तको जियाक्सिङ सहरमा रहेको वनस्पति उद्यानमा परम्परागत हानफु पहिरन लगाएका पर्यटकहरू । हालै जियाक्सिङ बोटानिकल गार्डेनले नवीकरणको नयाँ चरण पूरा गरेसँगै धेरै पर्यटकहरूलाई आकर्षित गरेको छ । *तस्बिरः सिन्ह्वा*

# सन् २०२४ मा एसिया प्रशान्त क्षेत्रको अर्थतन्त्र ४.५ प्रतिशतले बढ्ने

**सिंगापुर–** अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले मंगलरबा सिंगापुरमा आयोजना गरेको आफ्नो 'क्षेत्रीय आर्थिक दृष्टिकोण एसिया र प्रशान्त' कार्यक्रममा एसिया प्रशान्त क्षेत्रको वृद्धि सन् २०२३ मा पाँच प्रतिशतको तुलनामा यस वर्ष ४.५ प्रतिशत रहने जनाएको छ ।

एसिया-प्रशान्त विश्वको सबैभन्दा गतिशील क्षेत्र रहने अपेक्षा गरिएको छ । यो क्षेत्रले सन् २०२४ मा विश्वव्यापी वृद्धिको लगभग ६० प्रतिशत योगदान पु¥याउने प्रतिवेदनमा उल्लेख छ । धेरै जसो आसियान देशहरूमा लचिलो घरेलु उपभोगदेखि प्रशान्त टापु देशहरूमा पर्यटनमा तीव्र वृद्धिसम्म यस क्षेत्रले विविध वृद्धि चालकहरूलाई अँगालेको आइएमएफले बताएको छ ।

निकट-अवधि जोखिमहरू अहिले व्यापकरूपमा सन्तुलित छन् । मुद्रास्फीतिमा कमी र पहिलेको मौद्रिक सहजताको सम्भावनाले नरम अवतरणको सम्भावना बढेको आइएमएफले उल्लेख गरेको छ । युरोप र संयुक्त राज्य अमेरिकामा अपेक्षितभन्दा बलियो वृद्धिले एसियाका निर्यातकर्ताहरूमा वृद्धि ल्याउने छ तर बढ्दो भू-आर्थिक विभाजन र भूराजनीतिक तनावले यस क्षेत्रको मध्यम-अवधिको वृद्धिमा गम्भीर नकारात्मक असरहरू उत्पन्न भइरहेको छ । आइएमएफले केन्द्रीय बैंकहरूले लक्ष्यमा मुद्रास्फीति सहजरूपमा फर्किने कुरा सुनिश्चित गर्नुपर्ने र नीति निर्माताहरूले फेडरल रिजर्भले अनुमानित ब्याजदर चालहरूमा अत्यधिक निर्भर निर्णयहरू गर्नबाट जोगिनु पर्ने सुझाव दिएको छ । *रासस⁄सिन्ह्वा*

# बंगलादेशद्वारा चिनियाँ कृषि कम्पनीलाई लगानी गर्न स्वागत

**ढाका–** बंगलादेशले कृषि उद्योगलाई स्तरोन्नति गरी उच्च गुणस्तरको विकास हासिल गर्नका लागि चिनियाँ कृषि प्रशोधन उद्यम र कृषि मेसिनरी उद्यमलाई मुलुकमा लगानी गर्न स्वागत गरेको कृषिमन्त्री मोहम्मद अब्दुस शाहिदले बताएका छन् ।

बंगलादेशका लागि चिनियाँ राजदूत याओ वेनसँग भेटमा शाहिदले बंगलादेशको विकासमा चीनले खेलेको भूमिकाको प्रशंसा गर्दै चीन बंगलादेशको सबैभन्दा असल मित्र र विकास साझेदार भएको बताए । उनले चीनमा आँप निर्यातलाई बढावा दिएकामा चिनियाँ पक्षलाई धन्यवाद दिए ।

याओले बंलादेशबाट चीनमा ताजा आँपको निर्यातलाई बढावा दिन र बंगलादेशलाई आलुसम्बन्धी रोग नियन्त्रण गर्न चीनले व्यावहारिक उपायहरू गर्ने बताए । चीनले थप बंगलादेशी कृषि प्राविधिकलाई चीनमा प्रशिक्षणका लागि आमन्त्रित गरी कृषिमा द्विपक्षीय सहयोगलाई मझबुत बनाई बंगलादेशलाई स्थिर आर्थिक र सामाजिक विकास हासिल गर्न मद्दत गर्ने अवसरहरू लिन चाहेको याओले उल्लेख गरे । मन्त्री शाहिदले चीनबाट धेरै (कृषि) मेसिनरीहरू आयात गर्दै आएको उल्लेख गर्दै यसको मात्रा बढाउने योजना बनाएको बैठकपछि फाइनान्सियल एक्सप्रेसलाई बताए ।

विशेष प्रकारका कृषि यन्त्रको आयात बढाउनका लागि प्रश्न गर्दा कृषि उत्पादकत्व बढाउनका लागि आवश्यक पर्ने हार्वेस्टर र टिलरजस्ता कृषि यन्त्रलाई बढ्दो आयातमा समावेश गरिने उनले बताए । रासस⁄सिन्ह्वा

# तेल अविवमा गर्मीले तोड्यो ८५ वर्षको रेकर्ड

**तेल अविव (इजरायल)–** मुलुक प्रचण्ड गर्मीले तातेका बेला इजरायल मौसम विज्ञान सेवा (आइएमएस) ले ग्रेटर मेट्रोपोलिटन क्षेत्रमा ८५ वर्षमा रेकर्ड गरिएको वर्षहरूमा बिहीबार अप्रिलको सबैभन्दा तातो दिन भएको बताएको छ ।

आइएमएसले बिहीबार दिउँसो ४०.७ डिग्री सेल्सियस मापन गरेको छ । यो सन् १९३९ मा मापन गरिएको ४०.४ डिग्री सेल्सियसभन्दा धेरै तातो थियो । तातो मौसमका बावजुद इजरायलीहरू पासओभर पर्वका लागि एक साताको बिदाको आनन्द लिँदै मुलुकका पार्कमा निक्लेका छन् । प्रकृति तथा पार्क प्राधिकरणले दिउँसोसम्म ५५ हजार मानिस पार्क तथा प्राकृतिक आरषामा प्रवेश गरिसकेको बताएको छ । प्राधिकरणले बाहिरबाट आउनेहरूलाई पर्याप्त मात्रामा पानी र सनस्क्रिन ल्याउन आग्रह गरेको छ । इजरायली तटका सबै समुद्री तटमा पनि मानिसहरूको खचाखच थियो । यसैबीच स्वास्थ्य मन्त्रालयले जनता विशेषगरी वृद्ध, रोगी तथा दीर्घकालीन रोग लागेकाहरूलाई घाममा ननिस्कन र अनावश्यक शारीरिक परिश्रम नगर्न आग्रह गरेको छ । *रासस⁄एएनआई*

# जापानमा रोजगारीको उपलब्धता घट्यो

टोकियो- जापानको रोजगार उपलब्धता अनुपात आर्थिक वर्ष २०२३ मा तीन वर्षकै पहिलोपटक घटेको सरकारले मंगलबार एक रिपोर्टमार्फत जनाएको छ । स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले गत वर्षको मार्च महिनाको तुलनामा रोजगार-आवेदक अनुपात ०.०२ अंकले घटेर १.२९ मा झरेको छ ।

मार्चका लागि, रोजगार उपलब्धता अनुपात फेब्रुअरीदेखि ०.०२ ले बढेर १.२८ पुगेको थियो । यसले प्रत्येक १०० जनाका लागि १२८ रोजगारी उपलब्ध भएको जनाउँछ । मन्त्रालयका अनुसार नयाँ रोजगारी खोज्ने मानिसहरूले आफ्नो हालको पदहरूमा तलब बढ्ने अनुमान गरेका कारण यो वृद्धि भएको हो । मार्चमा कम रोजगारीको अवसर भएका क्षेत्रहरूमा निर्माण क्षेत्र १० दशलवलव आठ प्रतिशतले घटेको छ भने जीवनशैली र मनोरञ्जन सेवा क्षेत्र र शिक्षा क्षेत्र दुवै १०.५ प्रतिशतले घटेको छ । *रासस⁄सिन्ह्वा*

# चीनको कारखाना गतिविधि लगातार दोस्रो महिना बढ्यो

**बेइजिङ–** चीनको कारखाना गतिविधि अप्रिलमा लगातार दोस्रो महिना बढेको छ । मंगलबारको तथ्यांकले कमजोर घरेलु माग र खराब रियल स्टेट क्षेत्रसामु विशाल अर्थतन्त्रलाई गति दिन संघर्ष गरिरहेका अधिकारीहरूलाई केही राम्रो समाचार प्रदान गरेको छ ।

राष्ट्रिय तथ्यांक ब्युरो (एनबिएस) ले कारखाना उत्पादनको प्रमुख मापन पर्चेजिङ मेनेजर्स इन्डेक्स (पिएमआई) ५०.४ मा आएको छ । यो विस्तार र संकुचनलाई अलग गर्ने ५० को स्तरभन्दा थोरैले बढीले हो । मार्चदेखि नै पिएमआई घटेका बेला उक्त तथ्यांकले ब्लुमबर्गका विश्लेषकहरूको ५०.३ को पूर्वानुमानलाई पछाडि पारेको र सन् २०२३ को अन्त्यमा सुरु भएको पाँच महिनाको मन्दीपछि वृद्धिको निरन्तरतालाई देखाएको छ ।



सन् २०२२ को उत्तरार्द्धमा कठोर कोभिड नियन्त्रण कदमहरूपछि अधिकारीहरूले आर्थिक पुनरुत्थानलाई बढावा दिन संघर्ष गरिरहेका छन् । चीनले आफ्नो ऋणमा डुबेको रियल स्टेट बजारमा संकटको सामना गरिरहेको छ । हालैका महिनाहरूमा घरको मूल्यमा गिरावट आएको छ भने खुद्रा बिक्री खराब घरेलु मागबाट प्रभावित भएको छ । यसैबीच विश्वव्यापी मन्दीका कारण विदेशमा मुलुकको उत्पादनको माग कमजोर भइरहेको छ । 'उत्पादन क्षेत्र लगातार सुधार र वृद्धिको अवस्थामा छ,' एनबिएसले एक विज्ञप्तिमा भनेको छ ।

बेइजिङले मार्चको प्रारम्भमा सन् २०२४ मा पाँच प्रतिशत वार्षिक वृद्धि हासिल गर्ने आफ्नो लक्ष्य घोषणा गरेको थियो । उक्त लक्ष्यलाई धेरै अर्थशास्त्रीले महत्त्वाकांक्षी मानेका छन् । अधिकारीहरूले हालैका महिनाहरूमा पूर्वाधार खर्च बढाउन र आर्थिक गतिविधिलाई पुनर्जीवन दिन मिश्रित परिणामहरूका साथ लक्षित उपायहरूको शृंखला र सार्वभौम बन्ड जारी गर्ने घोषणा गरेका छन् ।

सेवा क्षेत्रको गतिविधिको मापन गर्ने चीनको गैरउत्पादक पिएमआई अप्रिलमा ५१.२ मा आएको छ । यो मार्चको ५३ र पूर्वानुमानभन्दा कम हो । आधिकारिक तथ्यांकअनुसार चीनले गत वर्ष ५.२ प्रतिशतको आर्थिक वृद्धि हासिल गरेको छ । महामारीका वर्षहरूका अतिरिक्त सन् १९९० को दशकपछि सबैभन्दा कम विस्तारको प्रतिनिधित्व गरे पनि यसलाई धेरै अर्थशास्त्रीले अत्यन्त धेरै मानेका छन् । *रासस⁄एएफपी*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHOP FOO CHOW

पुर्व स्वीकृति मिति : २०७९/१२/१९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१८ LT. No.283870 चलानी नं. ६०१९९२८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Crew | 5 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २५ गते (7th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १९,५००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 283870 मितिः २०८१/०१/१८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QALAA AL JAZEERA CONTRACTIONG COMPANY

पुर्व स्वीकृति मितिः २०८१/०१/१८ LT. No. 304018 चलानी नं. ६०२१८७६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६४,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २६ गते (8th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


G.R. Manpower Service Pvt. Ltd.
श्रम ईजाजत नं. ८६१/०६६/०६७
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASSARH AL MUTAKAMIL LMUQAWALAT

पुर्व स्वीकृति मिति २०८०/१०/१८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१८ LT. No. 299279 चलानी नं. ६०२१४२१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 0 | 6 | 120 | ४१,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Male | 30 | 0 | 120 | ४१,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २६ गते (8th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI BIN HAMAD BAQASHI CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८१/०१/१७ LT. No. 303876 चलानी नं. ६०२१८८११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २६ गते (8th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EASY LINE HOSPITALITY AND CLEANING

पुर्व स्वीकृति मिति २०८०/१०/०२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१८ LT. No. 298064 चलानी नं. ६०२१३०७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner Worker | 0 | 1 | 1000 | ३६,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २६ गते (8th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All-Solution Employment Service Pvt. Ltd.
श्रम ईजाजत नं. १४५४/०७४/०७५
Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-4975144/ 4975145, 9851071108
E-mail : info@allsolution.com.np, Web: www.allsoloutionemployment.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १३७२०० | प्रति तोला - १३६५५० | प्रति तोला - १६५० |

## आर्थिक वृद्धिदर साढे तीन प्रतिशतभन्दा बढी हुने अनुमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय तथ्यांक कार्यालयले चालु आर्थिक वर्ष २०८०/८१ मा नेपालले तीन दशमलव ५४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान सार्वजनिक गरेको छ। चालु आवको बजेटमार्फत सरकारले छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेकोमा लक्ष्यको आधा बराबर मात्रै वृद्धिदर हासिल हुने अनुमान तथ्यांक कार्यालयले सार्वजनिक गरेको हो।

तथ्यांक कार्यालयले आव २०८०/८१ को वार्षिक राष्ट्रिय लेखा तथ्यांक सार्वजनिक गर्दै यस्तो अनुमान सार्वजनिक गरेको हो। 'चालु आव २०८०/८१ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा तीन दशमलव ५४ प्रतिशत र उपभोक्ता मूल्यमा तीन दशमलव ८७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ', कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'चालु आव २०८०/८१ मा उपभोक्ता मूल्यमा आधारित मुलुकको अर्थतन्त्रको आकार रु ५७ खर्ब चार अर्ब पुग्ने अनुमान छ।' त्यसैगरी, गत आव २०७९/८० मा नेपालको अर्थतन्त्रको आकार रु ५३ खर्ब ४८ अर्ब बराबर रहेको पनि तथ्यांक कार्यालयले जनाएको छ।




तथ्यांक कार्यालयले चालु आवमा कृषि क्षेत्रको वृद्धिदर प्रक्ष्येपण तीन दशमलव ०५ र गैरकृषि क्षेत्रको वृद्धि तीन दशमलव ७५ प्रतिशत रहने अनुमान गरेको छ। त्यसैगरी, प्राथमिक क्षेत्र तीन प्रतिशत, द्वितीय क्षेत्र एक दशमलव दुई प्रतिशत र सेवा क्षेत्र चार र दशमलव पाँच प्रतिशत रहेको छ।

चालु आवमा प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन अमेरिकी डलर एक हजार चार सय ३४ हुने प्रारम्भिक अनुमान गरिएको छ भने प्रतिव्यक्ति कूल राष्ट्रिय आय अमेरिकी डलर एक हजार चार सय ४५ रहने अनुमान गरिएको छ। चालु आवमा विभिन्न क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर हेर्दा स्वास्थ्य तथा सामाजिक कार्यतर्फ पाँच दशमलव ५२, शिक्षातर्फ दुई दशमलव ७१, सार्वजनिक प्रशासन तथा रक्षातर्फ चार दशमलव ४९, प्रशासनिक तथा सहयोगी सेवातर्फ चार दशमलव ०४, पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापतर्फ चार दशमलव १५ प्रतिशतको वृद्धिदर अनुमान गरिएको छ।

त्यसैगरी, घरजग्गा कारोबारतर्फ दुई दशमलव ९८, वित्तीय तथा बीमा क्षेत्रतर्फ सात दशमलव ८०, सूचना तथा सञ्चारतर्फ चार दशमलव ९१ प्रतिशत, आवास तथा भोजन सेवातर्फ ८१ दशमलव ८४ प्रतिशत र यातायात तथा भण्डारण सेवातर्फ ११ दशमलव ८९ प्रतिशतको वृद्धि अनुमान गरिएको छ।

थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवातर्फ शून्य दशमलव १६, पानी आपूर्ति, ढल व्यवस्थापनलगायत क्षेत्रमा दुई दशमलव ८०, विद्युत् ग्यास तथा वातानुकूलित आपूर्ति सेवातर्फ १७ दशमलव ४४, खानी तथा उत्खननतर्फ दुई दशमलव ३१, कृषि, वन तथा मत्स्यतर्फ तीन दशमलव ०५ प्रतिशत वृद्धि रहने अनुमान गरिएको छ। चालु आवमा उद्योग र निर्माण क्षेत्रको मूल्य अभिवृद्धिदर ऋणात्मक रहने अनुमान गरिएको छ। उद्योग क्षेत्र एक दशमलव ६० र निर्माण क्षेत्र दुई दशमलव ०७ ले ऋणात्मक रहने कार्यालयले जनाएको छ। राष्ट्रिय लेखा अनुमान गर्न संयुक्त राष्ट्रसंघ, युरोपियन युनियन, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, आर्थिक विकास तथा सहयोगका लागि संगठनजस्ता अन्तर्राष्ट्रिय संस्थाद्वारा संयुक्तरूपमा विकास गरेको राष्ट्रिय तथ्यांक कार्यालयले राष्ट्रिय लेखा तथ्यांक अनुमान गरी प्रकाशन गर्दछ।

## कर्पोरेट

### नागरिक लगानी कोषले सुपर खुदीको सेयर प्रत्याभूति गर्ने



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषले सुपर खुदी हाइड्रोपावर लिमिटेडको सेयर प्रत्याभूति गर्ने भएको छ। सेयर प्रत्याभूति गर्ने सम्बन्धी सम्झौता मंगलबार भएको हो। सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र सुपर खुदीको तर्फबाट सञ्चालक वटु लामिछानेले हस्ताक्षर गरेका हुन्। सुपर खुदीको प्रति कित्ता एक सय रूपैयाँ अंकित ७५ लाख ९५ हजार कित्ताबराबर हुन आउने ७५ करोड ९५ लाख रूपैयाँको सेयर कोषले प्रत्याभूति गर्ने छ। सम्झौता कार्यक्रममा कोषका का.मु.नायव कार्यकारी निर्देशक शोभा श्रेष्ठ सुवेदी, हेमन्त पोखरेल एवं विभागीय प्रमुख र हाइड्रोपावरका उच्च व्यवस्थापक सहभागी थिए। यो भन्दा अघि पनि कोषले विभिन्न कम्पनीहरूको सेयर प्रत्याभूति गर्दै आएको छ।

### ग्लोबल आइएमईमा स्वीस इन्भेष्टमेन्टको १० मिलियन डलर लगानी




**काठमाडौं (प्रस)–** स्वीस इन्भेष्टमेन्ट फन्ड फर इमर्जिङ् मार्केटले ग्लोबल आइएमई बैंक लिमिटेडलाई १० मिलियन अमेरिकी डलर अर्थात् करिब एक अर्ब ३२ करोड रूपैयाँ लगानी गर्ने भएको छ। यस सम्बन्धि सम्झौतामा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र स्वीस इन्भेष्टमेन्ट फन्ड फर इमर्जिङ् मार्केटका अध्यक्ष जोर्ग फ्रिडेनले हस्ताक्षर गरेका छन्।

उक्त लगानीलाई बैंकले कृषि, लघु, साना तथा मझौला व्यवसायमा वित्तीय पहुँच बढाउन परिचालन गर्नेछ। यस लगानीको उद्देश्य कृषि, लघु, साना तथा मझौला उद्यमलाई वित्तीय पहुँच प्रदान गर्दै बजारमा प्रतिष्पर्धी बनाउन सहयोग गर्ने, वित्तीय समावेशीकरणमा सुधार गर्ने र रोजगारी सृजना गर्ने रहेको छ। स्वीस इन्भेष्टमेन्ट फन्ड फर इमर्जिङ् मार्केटसँगको यस लगानी सम्झौताबाट नेपालको कृषी, लघु, साना तथा मझौला उद्यमको विकासमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

### गरिमा विकास बैंक र युनाइटेड ट्रेडर्सबीच सम्झौता

**काठमाडौं (प्रस)–** गरिमा विकास बैंक लिमिटेड र युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रा.लि (नेपालको लागि टोयोटा गाडीको आधिकारिक वितरक) बीच टोयोटा गाडी खरिद गर्ने ग्राहकहरूलाई गरिमा विकास बैंक लिमिटेडले आधार दरमा नै सवारी कर्जा प्रवाह गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ। उक्त सम्झौता-पत्रमा विकास बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्याय र युनाइटेड ट्रेडर्स सिन्डिकेटको तर्फबाट वरिष्ठ निर्देशक कैलाश बि. राजभण्डारीले हस्ताक्षर गरेका हुन्।




सम्झौता पत्रमा युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रा.लि.बाट ग्राहकहरूले नयाँ टोयोटा गाडी खरिद गर्दा गरिमा विकास बैंक लिमिटेडबाट आधार दरमा नै अधिकतमा १२ बर्षसम्मको अवधिका लागि सवारी कर्जा लिन सक्नेछन।

## भक्तपुरमा खुल्यो भारतको चर्चित फर्च्युन होटल

**काठमाडौं (प्रस)–** भारतको चर्चित आईटीसी ग्रुप अफ होटेलस् अन्तर्गतको फर्च्युन होटेलले नेपालको भक्तपुरमा फर्च्युन रिसोर्ट एण्ड वेलनेस स्पा नाममा आफ्नो शाखा विस्तार गरेको छ। नेपालमा शाखा विस्तारसँगै भारतको चर्चित फर्च्युन होटेलले अन्तराष्ट्रिय यात्रा सुरु गरेको छ। ६०० पाहुनाको क्षमता रहेको उक्त होटल त्रिभुवन विमानस्थलबाट १८ किलोमिटरको दुरीमा रहेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी र फर्च्युन होटलका प्रबन्ध निर्देशक समिर एमसीले उक्त स्पाको उद्घाटन गरेका थिए। शान्त वातावरणमा अवस्थित फर्च्युन रिसोर्ट एण्ड वेलनेस स्पाले भित्री शान्ती खोज्नेहरूका लागि विश्राम लिने विशेष ठाउँ हुने विश्वास लिइएको छ। होटलमा प्रशस्त कोठा, कटेज तथा न्यानो र आधुनिक सजावटले सजिएका सुइटहरू छन्।

रिसोर्टमा स्पा, रिल्याक्सिंग ट्रिटमेन्ट रुम, थेरापी रुम, सौना, स्टिम रुम, जिम, आकर्षक दृश्य देखिने स्विमिंग पुल जस्ता विभिन्न आरामदायी सुविधाहरू उपलब्ध छन्। स्पा थेरापिस्टहरूको विशेषज्ञ टोलीले गर्ने स्पामा इसेन्सियल ओइलहरू, शरीर, दिमाग र आत्मालाई सन्तुलन ल्याउने प्राकृतिक सामग्रीहरू प्रयोग गरेर डिटक्सिफिकेशन र क्लिन्जिङ, गहिरो आराम र समग्र प्राकृतिक चिकित्सा र पंचकर्म उपचारहरू प्रदान गर्ने योजना होटेलको छ। शाकाहारी खानाका पारखीहरूलाई रिसोर्टमा रहेको रेन्बो रेस्टुरेन्टमा सम्पूर्ण प्रकारका स्वादिष्ट शाकाहारी खानेकुराहरू उपलब्ध छन्। साथै नेप्ट्यून बार तथा लाउन्जमा विभिन्न प्रकारका मदिराहरू उपलब्ध हुने कम्पनीले रिसोर्टले जनाएको छ। थरि थरिका स्वादिष्ट भोजन र पुल बारको साथ रिसोर्टले आफ्ना ग्राहकहरूलाई सर्वोत्कृष्ट सेवा प्रदान गर्न कुनै कसर बाँकी राखेको छैन।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ